# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ४० | २०७३ चैत २८ गते सोमबार | Monday, April 10, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## अध्यक्षमा शाह र सचिवमा गैरे

तुलसीपुर/ शनिबार घोराहीमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो)को जिल्ला भेला सम्पन्न भएको छ । भेलालाई सम्वोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य हिरामणि दुःखीले भने 'नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न देजमो नेपालले क्रान्तिकारी जादूगरी हतियारका रूपमा काम गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी रहेको छ ।' पार्टीको वैधानिक मोर्चाका रूपमा रहेको देजमो नेपाल दाङको प्रथम भेलाको उद्घाटन गर्दै दुःखीले अगाडि भने 'नयाँ जनवादी क्रान्तिको तयारी वैधानिक मोर्चाबाट गर्नुपर्ने जिम्मेवारी यो मोर्चाको भएकाले यसले व्यापक जनताका बिचमा गएर आफ्नो सङ्गठनलाई स्थापित गर्नुपर्ने छ ।'

आसन्न स्थानीय तहको चुनाव उपयोगबारे धारणा राख्दै दुःखीले भने ' हामीले यो जनविरोधी संविधानको खारेजी र संसदीय व्यवस्थाको भण्डाफोर गर्दै राष्ट्रघाती संसदवादी पार्टीहरूको भण्डाफोर गर्न चुनावलाई क्रान्तिकारी उपयोग गर्ने हाम्रो पार्टीको नीति रहेको ... बाँकी ७ पेजमा

## राजनीतिक दाउपेचमा स्थानीय तह निर्वाचन

# असफलताको चाङ लगाउँदै प्रम प्रचण्ड

◆ वर्गदृष्टि संवाददाता




काठमाडौं । पुराना र नयाँ संसदवादीहरूको चुनावी जोडघटाऊ र दाउपेचका कारण स्थानीय तहको निर्वाचन अझ अन्यौलतातर्फ धकेलिएको छ । आन्दोलनरत मधेसी मोर्चाको माग, दलीय चुनाव चिन्हका लागि आन्दोलनरत ६८ दल, उपप्रधानमन्त्रीहरूको बरियाता विवाद, आइजिपी नियुक्ति विवाद आदिका कारण घोषित मितिमा चुनाव नहुने लगभग निश्चित रहेको नेपाल सरकारको एक उच्च स्रोतले दावी गरेको छ । स्रोतले दावी गऱ्यो- 'छिमेकी मुलुक भारत र चीनले पनि सबैलाई मिलाएर मात्र निर्वाचनमा जान भनेकाले घोषित मितिमा कुनै पनि हालतमा निर्वाचन हुँदैन ।'

निर्वाचनको घोषित मिति नजिकिदै जाँदा माओवादी केन्द्रको पक्षमा अपेक्षित जनआकर्षण नदेखिएपछि प्रम प्रचण्डसहित माओवादी केन्द्रका नेताहरू पनि जुनसुकै बाहाना निकालेर भएपनि चुनाव सार्नुपर्ने निष्कर्षमा पुगेको माओवादी केन्द्र कार्यालय स्रोतले दावी गऱ्यो । उता कांग्रेसभित्र पनि नेता तथा गृहमन्त्री विमलेन्द्र निधिले झिकेको बरियताक्रम सम्बन्धी विवाद र लगातार स्थगित भएको मन्त्रीपरिषद्को बैठकका कारण उत्पन्न पार्टीभित्रको अन्तरविरोधका व्यवस्थापन गर्न नसक्दा, आइजिपी नियुक्ति र राजदूत नियुक्तिमा भएको विवादका कारण जनतामा समेत पार्टीको छवि राम्रो नभएकोले तत्काल निर्वाचनमा जाँदा पार्टीलाई घाटा पुग्ने निष्कर्ष कांग्रेसको बैठकले निकालेको छ । पार्टी सभापति शेरबहादुर देउवा भने प्रधानमन्त्री बन्न हतारिएकोले स्थानीय तहको निर्वाचन सकिएसँगै आफ्नो हातमा प्रधानमन्त्रीको पद आउने बुझाइमा दुई चरणमै भएपनि चुनाव चाँडो गराउनु पर्ने अडानमा देखिएका छन् ।

दुई चरणमा निर्वाचन गराउँदा विखण्डनकारीहरूलाई मलजल पुग्ने भन्दै एकै चरणमा निर्वाचन गरिनुपर्ने मत पनि एमाले, कांग्रेस र माओवादी केन्द्रमा जबर्जस्त रहेको स्रोतले बतायो ।

यता प्रम प्रचण्ड भने मधेसी मोर्चा, कांग्रेस, एमाले, ६८ दल, चीन, भारत र आफ्नै दलभित्रको दबाबका कारण कुनै पनि निर्णय लिन नसक्ने अवस्थामा पुगेका छन् भने उनको एकपछि अर्को असफलताको चाङ थपिदै गएको छ । एनसेल प्रकरणदेखि राजदूत नियुक्तिसम्म, सप्तरी हत्याकाण्डदेखि कंचनपुर हत्याकाण्डसम्म, आइजिपी नियुक्तिदेखि उपप्रधानमन्त्रीको बरियताक्रममा ठोस निर्णय लिन नसक्दा उनी इतिहासमा नै सबैभन्दा असफल प्रधानमन्त्रीको रूपमा दर्ज हुन पुगेका छन् । तर स्रोत भन्छ- 'उनी निर्वाचन लम्बिए आफ्नो आयु पनि लम्बिन्थ्यो भन्ने ध्याउन्नमा पनि छन् ।'

यस्तो अवस्थामा प्रधानमन्त्री प्रचण्डले ... बाँकी ७ पेजमा

## आत्मरतिमा रमाउँदै विप्लव र प्रचण्डका कार्यकर्ताहरू

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) पार्टीको संगठन सदृढीकरण र राजनीतिक निर्णय प्रक्रियामा देखिएको परिपक्वतासँगै विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र माओवादी केन्द्रभित्र खैलाबैला मच्चिएको छ । विप्लवको नेकपा र माकेले क्रान्तिकारी माओवादीलाई सिध्याउनका लागि न्वारानदेखिको बल लगाएर लागेका छन् ।

क्रान्तिकारी माओवादीको यही चैत्र १४ र १५ गते बसेको केन्द्रीय समितिको विस्तारित बैठकले स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने निर्णय लिएसँगै आम क्रान्तिकारी जनताको भोट क्रान्तिकारी माओवादीलाई जाने र विप्लव पार्टीले हठात् वस्तुगत परिस्थितिको विश्लेषण समेत नगरी निर्वाचनमा भाग नलिने निर्णय गरेपछि आफूभित्र आएको संकटलाई ढाकछोप गर्नका लागि क्रान्तिकारी माओवादीमाथि प्रहार केन्द्रित गरेका छन् ।

विप्लव पार्टीले निर्वाचनमा भाग नलिने निर्णय गरेपछि सो पार्टीका तल्लो तहका धेरै कार्यकर्ता निर्वाचनमा जानुपर्ने पक्षमा रहेको र त्यसलाई ढाकछोप गर्नका लागि विषयान्तर गर्न लागेको सो पार्टी निकट स्रोतले जनाएको छ । विप्लव माओवादीका चिनिएका नेता निर्वाचनमा नगएपनि ... बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीका जिल्ला बैठकहरू सम्पन्न

# जनघाती र राष्ट्रघाती तत्वका विरुद्ध भण्डाफोर अभियान चलाइने



काठमाडौं । पार्टीको केन्द्रीय समितिको विस्तारित बैठक सकिएलगत्तै नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका नेताहरू जिल्लाका बैठकहरूमा जुटेका छन् । अधिकांश जिल्लाका बैठकहरू सम्पन्न भएको पार्टी कार्यालय स्रोतले जनाएको छ । सम्पन्न भएका राज्य र जिल्लाका बैठकले जिल्ला जिल्लामा जनघाती र राष्ट्रघाती राजनीतिक शक्ति र व्यक्तिहरूको व्यापक भण्डाफोर गर्ने तयारी गरेको छ ।

प्रतिगामी राजनीतिक शक्ति राप्रपा, प्रतिक्रियावादी तथा यथास्थितिवादी शक्ति एमाले र कांग्रेस र तीव्र प्रतिक्रियावादीकरणको दिशामा रहेको माओवादी केन्द्रका केन्द्रीयदेखि स्थानीय स्तरसम्मका नेता कार्यकर्ताहरूले गरेका राष्ट्रविरोधी तथा जनविरोधी कार्यहरूको तथ्यांक संकलन गरी जनता माझमा त्यसको भण्डाफोर गर्ने तयारी गरेको हाम्रा जिल्ला संवाददाताहरूले बताएका छन् ।

जिल्ला जिल्लाको वडास्तरसम्म देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको संगठन विस्तार गर्ने र विकासको नाममा स्थानीय स्तरमा गएको बजेटमाथि गरिएको घोटालाको छानविन गरी भ्रष्ट तथा अनैतिक व्यक्तिहरूलाई नांगेझार पार्ने पनि जिल्ला बैठकहरूबाट निर्णय लिइएको छ ।

स्थानीय तहको निर्वाचन हुने स्थितिमा जनाधार क्षेत्र भएको ठाउँहरूको वर्गीकरण गरी सम्बन्धित गाउँपालिका र नगरपालिकाको सिफारिशमा जिल्लाहरूले उम्मेदवारहरूको टुंगो लगाउने पनि निर्णयहरू गरिएको जिल्ला पार्टी स्रोतले जनाएको छ ।

# सशक्त बन्दै ६८ दलको संयुक्त आन्दोलन

काठमाडौं । दलीय चुनाव चिन्हसहित निर्वाचनमा भाग लिन बञ्चित गरिएपछि दलीय चुनाव चिन्हको मागसहित आन्दोलनमा उत्रिएका ६८ दलले आन्दोलनलाई सशक्त बनाउँदै लगेका छन् । पछिल्लो पटक आन्दोलनमा नेकपा (क्रान्तिकारी माओवादी)को बैधानिक तथा राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पनि सहभागिता जनाएपछि आन्दोलन सशक्त बन्दै गएको छ । संयुक्त आन्दोलनमा सहभागी राजनीतिक पार्टीका नेताहरूले दलीय चुनाव चिन्ह नपाएसम्म आन्दोलन नरोक्ने र माग पूरा नभए निर्वाचन हुनै नदिने चेतावानी पनि दिंदै आएका छन् ।

नयाँ शक्तिका बाबुराम भट्टराईले दलीय चुनाव चिन्ह नपाए माओवादी केन्द्रलाई धुलो चटाउने उद्घोष गरेका छन् भने निर्वाचन आयोगमा दर्ता गर्न छुटेका दल र छुटेका मतदाताहरूको नामावली दर्ता नगरेसम्म आन्दोलन नरोकिने मोर्चाका सचिव परि थापाले बताएका छन् ।

शनिबार मात्रै काठमाडौंको रत्नपार्कमा हजारौंको संख्यामा विरोध ऱ्याली र सभा गरेका ६८ दलका नेताहरूले आन्दोलनलाई थप सशक्त र प्रभावकारी बनाउने उद्घोष गरेका छन् ।

देजमो नेपालका सैयौं कार्यकर्तासहितको सहभागितामा केन्द्रीय सचिव परि थापाको नेतृत्वमा शान्तिबाटिकाबाट निस्किएको विरोध ऱ्याली भोटाहिटी, असन, न्युरोड गेट हुँदै पुनः शान्ति बाटिकामा पुगेर विरोध सभामा परिणत भएको थियो ।

देजमो नेपालका सचिव थापाले निर्वाचन आयोगमा दर्ताका लागि प्रक्रिया अघि बढेका दलहरूलाई समेत दर्ता गरी चुनाव चिन्ह प्रदान गरिनुपर्ने र छुटेका मतदाताहरूलाई नामावली दर्ता गराउन समय दिई, मधेसी मोर्चालगायत आन्दोलनरत दलहरूलाई समेत सहमत गराएर निर्वाचन गराउनुपर्नेमा जोड दिएका थिए ।

यदि निर्वाचन चिन्ह बिना नै सरकारले निर्वाचन जबर जस्त गराउन खोजेमा संघर्षलाई थप सशक्त र घनिभूत बनाउने उनले चेतावानी समेत दिए ।

सो विरोध सभामा नयाँ शक्तिका तर्फबाट कुमार पौडेल, नेकपाको तर्फबाट ऋषि कट्टेल लगायतले सम्बोधन गरेका थिए ।

यसैबीच, ६८ दलले बिहीबार मात्रै एक वृहद् अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थिए ।

# ६८ दलको अन्तर्क्रियामा परि थापाको ७ बुँदे कार्यपत्र

काठमाडौं । दलीय चुनाव चिन्हमा निर्वाचनमा भाग लिन पाउनुपर्ने माग राखेर आन्दोलनरत संसदबाहिरका ६८ दलले २४ चैत्रमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरे । निर्वाचनमा निर्वाचन चिन्हबाट बञ्चित गरिएका राजनीतिक दलहरूको संयुक्त आयोजनामा "स्थानीय तह निर्वाचन र बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र" विषयक अन्तर्क्रिया कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापाले "स्थानीय तह निर्वाचन कानुनको अलोकतान्त्रिक प्रावधान खारेज गर !, राजनीतिक पार्टीहरूलाई निर्वाचन अगाडि चुनाव चिन्ह प्रदान गर !!" शीर्षकमा ७ बुँदे कार्यपत्र प्रस्तुत गरेका थिए । नयाँ शक्तिका नेता परशुराम तामाङले संचालन गरेको अन्तर्क्रियात्मक कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि नेकपाका नेता ऋषि कट्टेल, नयाँ शक्तिकी नेतृ हिसिला यमी, अखिल नेपाल आदिवासी जनजाति महासंघका महासचिव नगेन्द्र राई, नेकपा (माले)का महेन्द्र साह, सद्भावना पार्टीका नेता अनिलकुरमा झा, संघीय समाजवादीका नेता रिजवन अन्सारीलगायतले टिप्पणी गरेका थिए । अधिकांश वक्ताहरूले तीन राजनीतिक पार्टीहरूको निरंकुश चरित्रको चर्को विरोध गर्दै दलमाथि प्रतिबन्ध लगाउन खोजिएकोप्रति प्रचण्ड सरकारको तीव्र आलोचना गरेका थिए । बोल्ने कतिपय बक्ताहरूले निर्वाचन आयोगमा पेन्डिङमा रहेका दलहरूलाई दर्ता गर्ने र छुटेका मतदाताहरूको पनि मतदाता नामावलीमा नाम समावेश गर्नुपर्ने, मधेसी, जनजातिलाई पनि आन्दोलनमा समेट्नुपर्ने लगायतका विषयहरू उठाएका थिए ।

*(७ बुँदे कार्यपत्रको विस्तृत विवरण पृष्ठ ६ मा हेर्नुस्)*

# स्थानीय चुनावको 'क्रान्तिकारी उपयोग' किन जरूरी छ ?

**"स्थानीय निर्वाचनको उपयोगसम्बन्धी हाम्रो नीति वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, तिनको कार्यान्वयन एवं संरक्षणमा संलग्न पश्चगामी तथा दक्षिणपंथी संशोधनवादी राजनीतिक दलहरूको विरोध तथा भण्डाफोर गर्ने र क्रान्तिको तयारीको लागि जनआधार तयार पार्ने तथा संगठन विस्तार गर्ने उद्देश्यमा आधारित रहेको छ ।"**



● रामसिंह श्रीस

सरकारले २०७४ बैशाख ३१ गते स्थानीय तहको निर्वाचन घोषणा गरेको छ । अहिलेसम्म यो चुनावमा भाग लिने राजनैतिक पार्टीहरू मुख्यत : दुई भागमा विभाजित छन्- एकाथरि यो प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थालाई स्वीकार गरी त्यसको संरक्षण तथा कार्यान्वयन गर्ने उद्देश्यका साथ यो निर्वाचनमा भाग लिइरहेका छन् भने अर्कोथरि यो प्रतिक्रियावादी राज्यसत्तालाई अस्वीकार गर्दै भण्डाफोरको नीति लिएर स्थानीय निर्वाचनलाई उपयोग गर्न गइरहेका छन् । भण्डाफोरको नीति लिएर क्रान्तिकारी उपयोग गर्न नेकपा (क्रान्तिकारी माओवादी) पनि लागिरहेको छ । नेकपा (क्रान्तिकारी माओवादी) को हालै बसेको केन्द्रीय समितिको विस्तारित बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनमा भनिएको छ, "स्थानीय निर्वाचनको उपयोगसम्बन्धी हाम्रो नीति वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, तिनको कार्यान्वयन एवं संरक्षणमा संलग्न पश्चगामी तथा दक्षिणपंथी संशोधनवादी राजनीतिक दलहरूको विरोध तथा भण्डाफोर गर्ने र क्रान्तिको तयारीको लागि जनआधार तयार पार्ने तथा संगठन विस्तार गर्ने उद्देश्यमा आधारित रहेको छ ।'' नेकपा (क्रान्तिकारी माओवादी) को यस भनाइबाट प्रस्ट हुन्छ कि अन्य राजनीतिक दलहरूको भन्दा उसको स्थानीय निर्वाचन उपयोग गर्ने उद्देश्य गुणात्मक रूपले नै फरक छ ।

गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता जस्ता कुराहरू सकारात्मक भए पनि यो विद्यमान संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था मूलतः प्रक्रियावादी व्यवस्था हो । यो संसदीय व्यवस्था ने हो । यो व्यवस्था दलाल तथा नोकरशाही पूँजीपति र सामन्त वर्गको अधिनायकत्व भएको व्यवस्था हो । यो राज्य व्यवस्थाले नेपाली मजदुर किसान लगायत आम श्रमिक जनताको हितमा काम गर्दैन बरु यसले त तिनै दलाल तथा नोकरशाही पूँजीपति र सामन्त वर्गको हितमा काम गर्दछ । ती वर्गको हितमा कसरी काम गर्दछ भन्ने कुरा प्रस्ट पार्न केही उदाहरणहरूमा जाउँ । २०७३ साल असोज १३ गतेको कान्तिपुर दैनिकले 'संसदीय सुविधा ह्वात्तै बढ्दै' भन्ने शीर्षकमा समाचार दिएको छ "साउन १ गते देखि लागु हुने गरी संसदहरूको मासिक तलव र ... बाँकी ७ पेजमा

# सम्पादकीय

## निषेधको राजनीतिविरुद्धको आन्दोलन

कांग्रेस र एमालेभन्दा निषेधको राजनीतिमा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' निकै अगाडि देखिएका छन् । यो भनेको संसदीय व्यवस्थामा चुर्लुम्म डुब्न पुगेका प्रचण्ड र उनी नेतृत्वको प्रतिक्रियावादीकरणको अभिव्यक्ति पनि हो । जनताको नयाँ जनवादी व्यवस्था स्थापनाका लागि गरिएको दशवर्षे जनयुद्धको नेतृत्व गरेर आएका प्रचण्डले आज निरंकुश तानाशाहको छवि मात्रै बनाएका छैनन्, जनघात र राष्ट्रघातमा पनि उनले विगतका शासकहरूलाई उछिन्न पुगेका छन् । उनका हनुमान र भजनमण्डली अवसरवादी झुण्डहरूले जतिसुकै उनी नेतृत्वको सरकारका एकाध राम्रा कामको प्रचार गरेपनि 'गधालाई दूधले धुदैमा गाई' नभएजस्तै प्रचण्ड र माओवादी केन्द्र जनताको परिवर्तनको बाहक शक्ति हुनै नसक्ने घटनाक्रमले पुष्टि गरिसकेको छ । प्रचण्ड आफ्नो निहित र दलीय स्वार्थका निम्ति यहाँसम्म निषेधको राजनीति गर्न सक्छन् कि राजनीतिको लामो कालखण्डसम्म सहकार्य गरेका र एक हिसाबले राजनीतिको गुरु नै मानिने नेताहरू वैद्य र बाबुरामलाई निर्वाचनमा भाग लिनबाट बञ्चित गराउन 'दल नियोजन'को कानुन नै बनाउन पुग्छन् र लोकतन्त्र र गणतन्त्र दिनरात फलाकिरहन्छन् ।

माघ २८ गते प्रमाणीकरण गरिएको स्थानीय तहको निर्वाचन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन-२०७३ को दफा २६ को ६ उपदफा ५/७ मा भनिएको छ, "व्यावस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सबै दलको उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा त्यस्तो दलले संविधानसभा सदस्य निर्वाचन २०७० मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याको आधारमा समावेश गरिनेछ । ......निर्वाचन प्राप्त नगर्ने दलको उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारलाई स्वतन्त्र रूपमा खडा भएको उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरिएका निर्वाचन चिन्हको समूहबाट तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नेछ ।"

यसरी व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने २७ दलबाहेक अरु राजनीतिक दललाई दलीय निर्वाचन चिन्ह लिनबाट बञ्चित गरिएको छ । परिणामतः देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नयाँ शक्ति नेपाललगायत ६८ वटा राजनीतिक दल 'स्थानीय तह निर्वाचन ऐन-२०७३'को खारेज गर्नु पर्ने माग गर्दै दलीय निर्वाचन चिन्हमा निर्वाचनमा जान पाउनुपर्ने माग राखेर अहिले सडक आन्दोलनमा छन् । माग सुनुवाई नभए कडा संघर्षको उठान गर्ने उनीहरूले बताउँदै आएका छन् । उनीहरूले यसलाई असंवैधानिक र अलोकतान्त्रिक कदम भन्दै तीन दलीय सिन्डिकेटको अभिव्यक्तिको रूपमा विरोध गर्दै आएका छन् । प्रचण्डलगायत कांग्रेस, एमालेलगायतका नेताहरूलाई कतिपय राजनीतिक विश्लेषकहरूले 'तीन दलीय निरंकुशता' भनेका छन् भने कतिपयले 'तीनदलीय राजनीतिक दादागिरी' पनि भनेका छन् । जसले जे भने यस्तो निषेधकारी कदमले संसदवादीहरूले भन्दै आएको लोकतान्त्रिक गणतन्त्रको समाजवाद उन्मुख संविधानको धज्जी उनीहरू आफैले उडाइरहेका छन् ।

दलीय स्वतन्त्रता, दलीय प्रतिस्पर्धा लोकतान्त्रिक व्यवस्थाका आधारभूत कुरा हुन् । अधिकांश दललाई निर्वाचनमा भाग नै लिन नदिने गरी प्रतिबन्ध लगाउने र सीमित पार्टीहरू मात्रै निर्वाचनमा भाग लिएर जनतामा निर्विकल्प बन्ने र सँधै राज्यशक्ति र स्रोतको मिलिभगत रूपमा मुठ्ठिभर शक्तिहरूले दोहन गर्ने दुर्नियतका साथ यस्तो प्रावधान आएको देखिन्छ । यो घोर निरंकुशतावादी, अधिनायकवादी र फासीवादी प्रकारको सोंच, चिन्तन र प्रवृत्तिको अभिव्यक्ति हो । तीन दलको यो कदमले राणाकालीन निरंकुशताको झल्को दिएको कतिपय राजनीतिक पार्टीहरूले टिप्पणी गरेका छन् । यो प्रवृत्तिका विरुद्ध निर्वाचनमा भाग लिन बञ्चित गरिएका पार्टीहरू मात्र होइन, वैचारिक, राजनीति तथा अभिव्यक्तिको स्वतन्त्रता चाहने र परिवर्तनको लक्ष्य राख्ने सबै नेपालीहरू एकजुट भई लड्न आवश्यक छ । अरुको अस्तित्व र प्रतिनिधित्वलाई नस्वीकार्ने र आफ्नो एकाधिकार लाद्न खोज्ने निरंकुश र निषेधकारी प्रवृत्तिका विरुद्धको आन्दोलनको क्रान्तिकारीहरूले पहलकदमी र नेतत्व लिन जरुरी छ । सुधारवादी, संसदवादी सोच राख्ने पार्टी तथा मोर्चाले यस आन्दोलनलाई गन्तव्यमा पुऱ्याउन सक्दैनन् । यस अर्थमा नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यस आन्दोलनको नेतृत्वदायी पहलकदमी लिन जरुरी छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# स्थानीय निर्वाचनरुपी माकेसाङ्लोका विरुद्ध क्रान्तिकारी माओवादीहरु !



हुकुमबहादुर सिंह

नेपालमा स्थानीय तहको निर्वाचन आगामी बैशाख ३१ गतेका लागि घोषणा गरिएको छ । तर नेपालका तीन ठूला दलहरू- कांग्रेस, एमाले र माओवादी केन्द(माके) बाहेक बाँकी सबैजसो दलहरूले यो निवार्चनको आधिकारितामाथि नै प्रश्न उठाइरहेका छन् । जसमा संसद्मा रहेका २२ दलमध्ये कांग्रेस, एमाले र माकेबाहेक अन्य १९ दलहरू र सडकमा अहिले गठबन्धन बनाएर आएका करीब ७० दलहरू सबैले उक्त निर्वाचनको प्रक्रियामाथि नै प्रश्न खडा गरिरहेका छन् । वर्तमान संसदका १९ दलहरूले यद्यपि अहिलेको स्थानीय निर्वाचनमा दलीय चुनाव चिन्ह पाउने भएका छन् तर भविष्य उनीहरूका लागि पनि एउटा राजनीतिक दलको रूपमा सन्तोषजनक छैन । अहिले ७० दलहरू निर्वाचन चिन्ह देऊ भन्दै सडक आन्दोलनमा छन् । यसै क्रममा उनीहरूले यहि २४ गते काठमाडौंमा एउटा अन्तर्क्रियात्मक कार्यक्रम गरे । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिव परि थापाले प्रस्तुत गरेको कार्यपत्रमाथिको बहसको दौरानमा ७० दलमध्येका सहभागी एक जना नेता वक्ताले भनेका निम्न भनाइहरूले वर्तमान संसदीय व्यवस्था अन्तरगतको स्थानीय निर्वाचनको नौटङ्की र त्यसमा संसदबाहिर रहेका वाह्य शक्तिले खेल्न सक्ने भूमिका कति भयावह हुँदोरहेछ, थाहा लाग्दछ । उनको भनाइमा वर्तमानमा सत्तामा नेपाली कांग्रेस र माओवादी केन्द्र छन् तर सही अर्थमा नेपालमा आइएनजिओहरू संसद्भित्रको निर्णय प्रक्रियामा कति बलिया छन् भन्ने प्रमाणित गर्दछ । ती आइएनजिओहरू अहिले एमालेको काँधमा बन्दुक राखेर नेपालको संसद्भित्र केही सीमित परिवर्तनलाई निस्तेज बनाउने खालका प्रतिक्रियावादी निर्णयहरू गराउन सफल देखिएका छन् । आफ्नो प्रस्तुति कै दौरानमा उनले भने- 'आन्दोलनकै क्रममा हामीले सरकारका प्रधानमन्त्री प्रचण्डलाई भेट्यौ र आफ्ना कुरा राख्यौ तर उहाँ यो कसरी भयो ? म त अनभिज्ञ छु भन्नुभयो । यो त हुनै नहुने कुरा भयो, म राम्ररी बुझेर विचार गरुँला भन्नुभयो ।' पछि हामीले वर्तमान सरकारका प्रभावशाली नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर देउवालाई भेटेर कुरा राख्यौ । उहाँले त झन अचम्म मान्दै भन्नुभयो- 'यो कसरी भयो ? बहुदलीय लोकतन्त्रमा राजनीतिक दलहरूले निर्वाचन चिन्हको प्राप्तिका लागि आन्दोलन गर्नुपर्ने । यसलाई त अध्यादेशमार्फत् खारेज गरेर भए पनि राजनीतिक दलहरूले निर्वाचन चिन्हको प्राप्तिका लागि सहज बनाइनु पर्दछ ।' त्यसैगरी निर्वाचन आयोगका प्रमुख आयुक्तलाई भेटने क्रममा उनी भन्छन्- 'यो हुनै नहुने काम भयो । तपाईहरूमाथि अन्याय भयो ।' बुझ्दै जाँदा पछि थाहा भयो यो षड्यन्त्रमा नेपालमा कार्यरत एमालेको एउटा आइएनजिओको चर्तिकला र षड्यन्त्र रहेछ ।

माथि उल्लेखित घटनाक्रमबाट संसदीय व्यवस्था के हो र यसको सञ्चालन को मार्फत् हुन्छ भनेर एक शताब्दी अगाडि लेनिनले र करिब दुई शताब्दी अगाडि मार्क्सले भनेका निम्न भनाइहरू अहिले झन नेपालकै सन्दर्भमा सान्दर्भिक देखिन गएका छन् । जसमा मार्क्सले के कुरा बताउनु भएको छ भने तीन या ६ वर्षमा शासकवर्गको कुन सदस्य प्रतिनिधि बनेर जनताको दमन गर्ने हो भन्ने व्यवस्था भन्दा त पेरिस कम्युन नै ठीक थियो किनभने श्रमिक जनताका लागि संसदीय व्यवस्थाको तुलनामा कानुन पनि बनाउने त्यसको स्वयं लागु पनि गर्ने व्यवस्था नै सशक्त व्यवस्था हुन्छ, जो पेरिस कम्युनले प्रमाणित गरेर देखाइ दियो ।

संसदीय व्यवस्था कस्तो व्यवस्था हो ? त्यसको चर्चा गर्दै लेनिनले बताउनु भएको छ- 'अमेरिकादेखि स्वीटजरल्याण्डसम्म, फ्रान्सदेखि इङ्गलैण्ड, नर्वेआदिसम्म चाहे कुनै संसदीय देशलाई लिनुहोस, राज्यका असली काम पर्दाको आडमा फत्ते गरिन्छन् । र त्यो काम दफ्तर र फौजी सदरमुकाममा पर्दछ । संसदलाई आम जनता बेबकुफ बनाउने उद्देश्यले बकवास गर्नका लागि जिम्मा लिइन्छ ।' हो, आज लेनिनले भनेजस्तै इतिहास र अहिले नेपालको संसदले के कुरा प्रमाणित गरिसकेको र गर्दैछ भने संसदीय व्यवस्था जनतालाई बेबकुफ बनाउने व्यवस्था बाहेक अरु केही होइन । यस्तो किन हुन्छ ? यो यसकारणले हुन्छ कि पुँजीपति वर्गले र शोषक वर्गले असली राज्यसत्ता बन्दुकको भरमा टिकाएको हुन्छ । र त्यो राज्य मेशिनरीको काम जनतामाथि शोषण र दमन गर्नु हो । र संसदमा गएका प्रतिनिधिहरूको काम खाली प्रजातन्त्रको राग अलाप्ने र जनता ठग्नका लागि बकबास गर्ने मात्र हुन् । त्यसकारण त मार्क्सले भन्नु भएको छ- 'राज्य मेशिनरी एक वर्गको हातबाट अर्को वर्गको हातमा सर्ने चीज होइन्, सर्वहरा वर्गले-जनताले पुरानो राज्य मेशिनरीलाई ध्वस्त पारेर नया' राज्यमेशिनरीको निर्माण गर्नु पर्दछ ।'

अहिले नेपालमा पुरानो राज्य मेशिनरीलाई बलियो बनाइराख्ने पक्षमा राप्रपा, नेका, एमाले र माके लागेका छन् । अचम्म त के भएको छ भने आफूलाई दशवर्से माओवादी जनयुद्धको नायक भन्ने र नेपालमा सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने भनेर दशौ हजार नेपालीका छोरा छोरी सहिद बनाएको वर्तमानको माकेको काम त्यही संसदीय व्यवस्था, जसको अन्त्यका लागि त्यत्रो बलिदान गरियो, त्यसैलाई नै सुदृढ बनाउने कार्यको नेतृत्व गर्दैछ । र, यसैका लागि भनेर स्थानीय निर्वाचनको नौटङ्की गरिँदै छ र त्यसका लागि आवश्यक पर्ने कानुनहरू संसदलाई पनि थाहै नदिई बाह्य पक्षहरूबाट निर्माण गरेर संसदबाट पास गरेको नाटक गरिदै छ । यो त केबल रूप पक्ष मात्रै हो र सारमा त संसदवाट कस्तो विधयेक पास गर्ने भन्ने त सरकारमा रहेका प्रधानमन्त्रीलाई समेत थाहा नहुँदोरहेछ । त्यतिमात्रै नभई संसदको सबैभन्दा ठूलो दलका अध्यक्ष र सरकारको एउटा हिस्सा बनेको पार्टीलाई समेत थाहा नदिई अन्तर्राष्ट्रिय गैरसरकारी निकायको संलग्नतामा केही संसदको किनबेचबाट बन्ने रहेछ भन्ने माथिको घटनाक्रमबाट स्पष्ट भएको छ । मार्क्सले भनेझै पुरानो राज्य मेशिनरीलाई ध्वस्त पारेर नया' राज्यमेशिनरीको निर्माण नगर्दासम्म यहि संसदीय व्यवस्था जो सामन्त, नोकरशाह एवं दलाल पुँजीपति वर्गको सत्ता हो, त्यसैमा रमाउनेहरू भनेका कम्युनिष्ट हुनै सक्दैनन् । के स्पष्ट हो भने तिनीहरूका लागि पद, प्रतिष्ठा र व्यक्तिगत स्वार्थका लागि सुविधाभोगी राजनीतिका लागि जनता र क्रान्तिलाई धोका दिँदै पुरानो राज्य मेशिनरीसित आत्मसमर्पण, पलायन र संसदीय दलदलमा कहिल्यै नउम्कने गरी फस्दै जाने मार्ग हो । यहि मार्ग अहिले नेपालका केही कम्युनिष्टहरू मूलतः माके, एमाले, मसाल, मजदुर किसानपार्टी आदिले विभिन्न वाहनामा अपनाइरहेका छन् । यो खासमा क्रान्तिप्रति विश्वासघात सिवाय अरु केही होइन् ।

अहिले माके, एमाले जो आफूलाई मार्क्सवादी लेनिनवादी भन्दछन्, दुवैको नारा चुनाव नै सबथोक हो, जीत नै सबथोक हो भन्ने छ । जसका लागि एमाले नेपालको पहिलो संसदीय दल बन्ने सपना देखिरहेको छ, त्यसैका लागि उसले संसदभित्र र बाहिर पनि षड्यन्त्रको तानावाना बुन्दैछ भने माके विगतको क्रान्तिको ब्याजमा अझै पद, पैसा र चुनाव चिन्हको पसल थापेर सबै क्रान्तिकारी माओवादीहरूलाई एउटै चुनाव चिन्हअन्तर्गत संसदीय लहरमा मिसाएर लैजान अनेकौ षड्यन्त्रको जालो फ्याँकिरहेको छ । अहिले माकेको समग्र शक्ति वर्तमान संसदीय व्यवस्थाको सबै निर्वाचनको भण्डाफोर र त्यसका विरुद्ध निर्वाचनलाई जनताको पक्षमा उपयोग गर्ने र समग्रमा संसदीय निर्वाचनको बाटोको भण्डाफोर गर्ने नयाँ जनवादी क्रान्तिका पक्षधर माओवादीहरूलाई विचलित गर्ने षड्यन्त्र नै उसको मूल आधार बनेको छ । संसदीय व्यवस्थालाई बलियो बनाउने हरेक निर्वाचनका षड्यन्त्रहरूका विरुद्ध भण्डाफोर गर्दै जनताको पक्षमा निर्वाचनको उपयोगद्वारा जनवादी क्रान्तिको ठोस तयारीको दिशामा सक्रियतापूर्वक संलग्न बन्नु आम माओवादीहरूको प्रमुख कर्तव्य हो । के त्यसका विरुद्ध एउटा सतिसालको वृक्ष बनेर उभिन माके बाहिरका माओवादीहरू तयार होलान्, यसको सही उत्तरका लागि अझै केही समयको पर्खाई आवश्यक छ । हेरौं, संसदीय व्यवस्थाको निर्वाचनका लागि माकेले अगाडि ल्याउने अनेकौ षड्न्त्रहरूका अगाडि बादल-गुरुङसितसँगै माकेमा सति जानबाट अडिएकाहरू अब कति स्थानीय निर्वाचनरूपी षड्यन्त्रको अर्को माकेसाङ्लो चिर्न सफल हुने छन् ? यसले सबै माओवादीहरू बीचमा एउटा गम्भीर प्रश्न उब्जाएको छ ।

झर्रोटर्रो

कैलुब्राह

# को ठूलोको झगडा, दारी भन्दा काजी तगडा

यतिखेर नेपाल मण्डलमा मिस्टर सुप्रिमोको सरकारका उप प्रधानमन्त्रीमा को ठूलो भन्ने झगडाले निकै रडाको मच्चाएको छ । प्रमले आफू पछिको रोलनम्बर मिलाउन नसक्दा चारतारे दल र गाईछाप दलका बिचमा कुस्ताकुस्ती र धक्मधक्का चलेको हो । यो झगडाले उग्र रूप लिएपछि आफू चीन जाँदा मिस्टर सुप्रिमोले कार्यवाहक दिनै सकेनन् । चारतारे दलका उप प्रधानमन्त्री काला दारीवालले प्रमपछिको ठूलो दलको नाता लगाएर आफूले कार्यबाहक पाउनु पर्ने जिकिर गरे । उता गाईदले उप प्रधानमन्त्री हेटौंडे थापाकाजीले प्रधानमन्त्रीपछिको रोलनम्बरमा आफू हुनुपर्ने र कार्यबाहक आफूले पाउनुपर्ने रडाको मच्चाए । अहिले कुकुरको मासु बेच्ने पसलमा रहेका ब्यापारीहरूमा चारतारे दल सबै भन्दा ठूलो छ । त्यसपछि दोस्रोमा सूर्यछाप दल छ भने गोलघेरे दल तेस्रो नम्बरमा छ । गाईदल त झन् चौथो नम्बरमा रहेको छ । दोस्रो दल भएको र आफूले मिस्टर सुप्रिमोलाई निगाहा गरेर प्रम पद दिएको हुनाले दोस्रो बरियतामा आफ्नो दल हुनुपर्ने दलिल चारतारे दलले पेस गरेको छ । उता गाईछाप दलले तेस्रो दलले प्रम पड्काएपछि चौथोले स्वतह दोस्रो रोलनम्बर पाउनुपर्ने अडान पेस गरेको छ । यसरी सरकारमा देश विकास गर्ने, राष्ट्रको पक्षमा खट्ने भन्दा रोलनम्बरको झगडामा को तगडा भन्ने रडाकोले मुख्य स्थान पाएको छ ।

संसदीय व्यवस्थामा सरकार भनेको सक्कनेले लुट्ने, ठग्ने, ढाँट्ने, छल्ने र ढुकुटी रित्याउँदै ब्रह्मलुट मच्चाउनका लागि निर्माण भएको सङ्गठन हो । देश विकास गर्ने र देशबासी रैती मनुवाहरूको भलो गर्ने भनेर यो व्यवस्थामा सरकार बनेको हुँदैन । पहिला पहिला सरकार बनाउँदा पनि केही बर्सका लागि स्थिर हुने गरी बनाइन्थ्यो । अहिले त आठ नौ महिनाका लागि आलोपालो लुट्ने भनेर सहमति गरेर बनाइन्छ । यदि सरकारको नेतृत्व गर्ने लाउकेले सरकार छोड्न मानेन भने गठबन्धन तोडताड पारेर नयाँ गठबन्धन बनाएर पनि सरकार फेरबदल गरिन्छ । खैरे कुइरेहरूका देशतिर स्वास्नीले लोग्ने र लोग्नेले स्वास्नी फेरे जस्तै हाम्रो मुलुकमा सरकारमा समर्थन गर्ने दलले गठबन्धन फेर्ने चलन छ । उतातिर भालेपोथी लिभिङ टुगेदर बनेर एउटै कोठामा बस्छन्, हाम्रो मुलुकमा दलहरूले लिभिङ टुगेदर बनाएर सरकार बनाउँछन् । कुरा मिलेर लुट्न पाउँदासम्म ढुकुटी लुट्छन्, कुरा बिग्रियो भने सरकार तोडेर अर्को दल लिभिङ टुगेदर बनेर सरकार बनाउँछन् । उता दुईजना भालेपोथीका बिचमा मात्र लिभिङ टुगेदर हुन्छ, यता दलहरूका बिचमा लिभिङ टुगेदर हुन्छ । खैरे कुइरे भन्दा हामी धेरै विकसित छौं । उता फुटकरमा लिभिङ टुगेदर बस्छन्, हामी होलसेलमा लिभिङ टुगेदर बस्छौं । यस्तो छ नेपाली सरकार निर्माणको विकासे काइदा ।

प्रमपछि को ठूलो भन्ने झगडाले गर्दा क्याविनेट बैठक बस्नै सकेन । धेरै पटक बस्दा पनि निर्णयमा टुङ्गो नलागेपछि नाङ्गो र बुङ्गो भएर बैठक सकिने गरेको कुरा झर्रोटर्रो सम्वाददाता कैलुब्राहले बताएका छन् । एकदिन बरियताको विवाद मिलाउन भन्दै क्याविनेट बैठक बस्यो । बैठकमा दारी र काजीका बिचमा घम्साघमसी पऱ्यो । प्रस्तुत छ क्याबिनेटमा परेको घम्साघम्सीको प्रत्यक्ष प्रशारण -

**प्रम** : मन्त्री ज्यूहरू ! आजको क्याविनेट प्रारम्भ हुन्च । मने आजको एजेण्डा बरियता मिलाउने विषयमा छ ।

दारी : सम्माननीय प्रमज्यू, यो क्याविनेट बन्नेबेला पैला म नै उप भएर दोस्रो बरियताको पगरी गुथिसकेकाले यसमा किचलो हालेर ऐले छलफल गर्नुपर्ने कुनै आवस्यकता छैन ।

**काजी** : सममाननीय प्रमज्यु, सरकारलाई मजबुद बनाएर चलाउनका लागि हाम्रो आवस्यकता परेको हुनाले यो सरकारसँग हाम्रो कुनै गोरु बेचेको साइनो पनि नहुँदा नहुँदै हामीले आफ्नो सिद्धान्तलाई दाउमा राखेर सामेल भएको हुनाले प्रमपछिको दोस्रो बरियताको पगरी मैले पाउनु पर्छ भन्ने हाम्रो मान्यता हो ।

**दारी** : वर्तमान सरकार बहाल भएकै बेला मैले एकपटक कार्यवाहक चलाइसकेको हुनाले म नै दोस्रो हुँ ।

**काजी** : सरकारमा सामेल हुँदा मलाई दोस्रोमा राख्ने सर्त भएकाले मात्रै म सरकारमा आएको हुँ ।

**दारी** : कस्ले गऱ्यो सर्त उसैसँग भन्नु । मैले त दोस्रो पद छोड्दै छोड्दैन ।

**काजी** : तिम्रै डेउडापति र प्रमसँग यस बारेमा कुरा मिलिसकेको छ ।

**दारी** : डेउडापति सेउडापति म कसैका कुरा सुन्दैन । मैले दोस्रो पद छोड्दैन । म एकपटक बसेको कुर्सीमा सौता बसेको देख्नै सक्दैन ।

**काजी** : म रहरले कसैको सौता बन्न आएको होइन । प्रमले निकै कर गरेर फकाएको र मलाई दोस्रो बनाउँछु भनेको हुनाले आएको हुँ ।

**दारी** : तिमी पञ्चे, मेरो सौता बन्न आएकै हौ ।

**काजी** : हामी पञ्च नभए तिमीहरूको आची पनि आउँदैन, केको फूर्ती लाउँछौ ? सौता त तिम्रो पहिला नै थिए, रोल्पाली मास्टर । मलाई केको सौता भन्छौ ? म छोड्दैन ।

**दारी** : धडाम्म । (टेबुल ठोकियो)

**काजी** : धडाम्म धडाम्म । (झन् ठूलो स्वरमा टेबुल ठोकियो ।) म कुनै हालतमा छोड्दैन । नत्र सरखार छोडिदिन्छु ।

**दारी** : मैले सरकार छोडें भने झन् यो सरकार ढल्छ । त्यसपछि यीइ.. खाउला ।

**प्रम** : लौ भयो अब यो झगडा नगरौं डेउडापतिसँग कुरा भएअनुसार काजी नै दोस्रो बरियतामा रहनु हुन्च, अब क्याविनेटको बैठक सकियो ।

**दारी** : डेउडापतिले नै भनेको भए ठिकै छ त । नत्र......

बैठक सकियो । २७ चैत २०७३

kailubraha73@gmail.com

# यस्तो छ देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको
# घोषणा-पत्र

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नीति**

नेपाल विश्व कै सबै भन्दा ठूला मध्येका दुई राष्ट्र चीन र भारतका वीचमा अवस्थित एउटा भूपरिवेष्ठित राष्ट्र हो । यो देश पूर्व, दक्षिण र पश्चिममा भारत बेष्ठित छ भने हिम पर्वत शृंखला देखि उत्तरतिर चीन पर्दछ । प्राकृतिक सम्पदाले भरिएको संसारकै सबै भन्दा सुन्दर मध्येको एक मानिने यो देश आज सम्म पनि संसारकै सबै भन्दा गरीब देश मध्ये एउटामा पर्दछ । स्वतन्त्र राष्ट्र भनिए पनि आज सम्म पनि नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रता कुण्ठित रहेको छ । जनताले पटक-पटक जन संघर्ष, जनआन्दोलन र जन युद्ध जस्ता संसारै थर्काउने क्रान्तिकारि आन्दोलनमा त्याग र वलिदानका कीर्तिमानूहरू कायम गरे । तर अन्तमा ती सबै क्रान्तिकारि संघर्षहरू आफ्नो उद्देश्य हासिल गर्ने काममा अपूर्ण नै रहे र विभिन्न सम्झौता वा सहमतिका नाममा धोकामा गएर टुंगिए ।

यो कुरा सत्य हो कि कुनै पनि देश वा समाज यथास्थितिमा लामो समय सम्म रहिरहन सक्दैन । उत्पादक शक्तिको अनिवार्य विकास सँग सँगै उत्पादन सम्बन्धमा र उत्पादन पद्धतिमा पनि केही न केही विकास भइ नै रहन्छ । यसै क्रममा नेपालमा पनि दलाल र नोकरशाही पूँजीवादको विकास त केही मात्रामा भएकै छ र हुकुमी मध्ययुगीन राणाशासन, राजतन्त्रात्मक बहुदलीय व्यवस्था हुँदै लोकतान्त्रिक गणतन्त्र पनि स्थापना भएको छ । तर, दलाल, नोकरशाही पुँजीपति र सामन्तवर्गको सत्ता निरन्तर कायम छ र नेपाल अहिले सम्म पनि अर्ध सामन्ती र अर्ध/नव औपनिवेशिक अवस्थामा रहिरहेको छ ।

नेपाल अहिले पनि एकातिर दलाल, नोकरशाही पुँजीपति र सामन्त वर्ग तथा अर्कातिर साम्राज्यवाद, विस्तारवादको दोहोरो शोषण र उत्पीडनको शिकार भएको छ । एउटा स्वतन्त्र, सार्वभौमिकता सम्पन्न र समृद्ध नेपाल निर्माणकालागि यी दुवै पहाडलाई पन्छाउनु अनिवार्य शर्त हो । यसका निम्तित नेपालमा आमूल परिवर्तनको अनिवार्य आवश्यकता छ । अर्ध सामन्ती र नव औपनिवेशिक राज्यसत्ताको चरित्रमा आमूल परिवर्तन सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुने पुँजीवादी जनवादी क्रान्तिले मात्र गर्न सक्दछ । यस प्रकारको क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनिन्छ । नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर मात्र समाजवादी व्यवस्था स्थापनाकालागि अघि बढ्न सकिन्छ । यसै उद्देश्यमा सहयोग पुऱ्याउन र अघि बढ्नका लागि तथा राष्ट्र र जनताका अगाडि उपस्थित सबै समस्याको समाधानमा योगदान पुऱ्याउनका लागि यो देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल को गठन गरिएको हो ।

**संयुक्त मोर्चा**

समान उद्देश्य भएका शक्तिहरूका वीचमा आफ्ना उद्देश्य प्राप्तीका लागि शक्ति संचय गर्ने, ती शक्तिहरूलाई एकतावद्ध गराउने बिरोधीहरू माथिको प्रहारलाई सशक्त बनाउन भूमिका खेल्ने संयन्त्र संयुक्त मोर्चा हो । त्यस प्रकारको मोर्चा अन्तर्राष्ट्रिय स्तरमा पनि बन्ने गरेको पाइन्छ । दोस्रो विश्व युद्धका दौरानमा हिटलरले नेतृत्व गरेको फासीवादी शक्तिका बिरुद्ध तात्कालिन सोभियत संघ लगायतका राष्ट्रहरूका वीचमा बनेको फासिवाद बिरोधी अन्तर्राष्ट्रिय मोर्चाले विश्वलाई फासिवादी पञ्जामा पर्नबाट बचाएको थियो ।

भियतनाम माथि भएको अमेरिकी आक्रमणका बिरुद्ध भियतनामको श्रमिक पार्टीको पहलमा बनेको राष्ट्रिय स्तरमा र त्यसलाई समर्थन गर्दै अन्तर्राष्ट्रिय स्तरमा बनेका विभिन्न प्रकारका संयुक्त मोर्चाको दवाव अमेरिकालाई भियतनामबाट पछि हटाउनका लागि एउटा प्रमुख कारण बनेको थियो । चीनमा जापानको आक्रमण भएका बेलामा जापानी आक्रमण बिरोधी संयुक्त मोर्चाले खेलेको महत्वपूर्ण भूमिकाको कारण चीनीयाँ देशभक्तहरूको अपूर्व एकता कायम भयो र त्यतिखेर जापान पछि हट्न बाध्य भएको थियो । यसको नेतृत्वगर्ने चीनीयाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सम्पन्न हुनका लागि यसले महत्वपूर्ण भूमिका खेलेको थियो ।

अहिले नेपालमा राष्ट्रिय स्वाधिनता सम्बन्धी गम्भीर समस्या छन् । साँच्चै भन्नु पर्दा हाम्रो देश पूर्णरूपमा स्वाधिन बन्न सकेको छैन । हाम्रो देशमा दलाल र नोकरशाही पूँजीवादको बोलवाला भएका कारण आर्थिक परनिर्भरता, आर्थिक क्षेत्रमा वैदेशिक नियन्त्रण, बेरोजगारी, भ्रष्टाचार आदिले नेपाली समाज आक्रान्त बनेको छ । अग्रगामी परिवर्तनका लागि त्यति ठूलो वलिदान भएर पनि केही राजनीतिक दलहरूद्वारा बनाइएको संविधान पश्चगामी छ र यसले देशलाई पश्चगामी दिशा तिर फर्काउने खतरा छ । यो अवस्थामा नेपालमा विद्यमान राष्ट्रिय स्वाधिनता, जनजीविका र आर्थिक विकास तथा अग्रगामी जनगणतन्त्रको स्थापनाको पक्षमा रहेका नेपाली जनताका वीचमा क्रान्तिकारी संयुक्त मोर्चा बनाउनु अत्यावश्यक छ । यसो गरेर मात्र हामीले जनताको अपराजेय शक्ति निर्माण गर्न सक्ने छौं ।

**संघर्ष र सत्ताको साधन**

हाम्रो संयुक्त मोर्चाको भूमिका राम्रो सँग परिभाषित हुनु आवश्यक छ । यो मोर्चाको भूमिका स्पष्ट छ, यो संघर्षको साधन हो र सत्ताको पनि साधन हो । वर्गसंघर्षको विकास र समग्र क्रान्तिकारी आन्दोलनको विकासको स्तर माथि ध्यान दिएर यसको भूमिका पनि निर्धारित हुने गर्दछ । विद्यमान अवस्थामा यो मोर्चाले प्रमुख रूपमा संघर्षको साधनको भूमिका खेल्ने छ । परि स्थितिको परिवर्तनसँगै यसले सत्ताको साधनको भूमिका पनि खेल्ने कुरामा हामी स्पष्ट हुनु जरुरी छ । अहिलेको ठोस अवस्थामा त यसले मूलतः वैधानिक संघर्ष संचालन गर्ने र यसको नेतृत्वगर्ने भूमिका खेल्ने छ । क्रान्तिकारी आन्दोलनको विकास सँग सँगै यसको भूमिकामा पनि तदनुरूपको परिवर्तन हुँदै जाने छ । नेपालमा केही अन्य मोर्चा पनि निर्वाचन आयोगमा दर्ता भएका छन् । तिनीहरू संसदवादमा भासिइसकेका छन् र प्रतिकृयावादी सरकारको मन्त्रीमण्डलमा पनि सामेल भैसकेका छन् । त्यस प्रकारका केही पार्टीले चुनावमा दर्ता नगराएर मोर्चालाई चुनावी प्रयोजनकालागि दर्ता गराएका छन् । तिनीहरूको त्यो मोर्चा फगत् चुनावी मोर्चा मात्र हो भने कुनै क्रान्तिकारी मोर्चा होइन । तर हाम्रो यो मोर्चा चुनावी मोर्चा होइन, क्रान्तिकालागि बनेको मोर्चा हो र क्रान्तिका दौरानमा र क्रान्ति पछि पनि सत्ताको साधनका रूपमा यो मोर्चा क्रियाशिल नै रहने छ । यी अलग अलग प्रकृतिका मोर्चाहरूवीच भएको अन्तरलाई बुझ्नु आवश्यक छ ।

**सामन्तवाद र साम्राज्यवाद विरोधी संयुक्त मोर्चा**



माथि उल्लेख गरिसकिएको छ कि नेपालमा विगतमा भएका ठूला क्रान्तिकारी आन्दोलन पश्चात् पनि नेपाली समाज अझै आन्तरिक रूपमा दलाल, नोकरशाही पूँजीपति वर्ग र कमजोर अवस्थाको सामन्त वर्ग तथा वाह्यरूपमा साम्राज्यवाद र विस्तारवादद्वारा शोषित र उत्पीडित छ । त्यसकारण, नेपालमा हुने आमूल परिवर्तनले यी दुवैबाट नेपाल राष्ट्र र नेपाली जनताको मुक्तिको ग्यारेण्टी गर्नु पर्दछ । हामीले जुन क्रान्तिकारी संयुक्त मोर्चाको गठन गरिरहेका छौं, यो ती दुईबाट मुक्तिकालागि गरिने संयुक्त मोर्चा हो । नेपालमा यस प्रकारको संयुक्त मोर्चा यतिखेर झन् बढी खट्किएको विषय हो । त्यसकारण अहिले नेपालमा यस प्रकारको बृहत् संयुक्त मोर्चा निर्माण आवश्यक छ ।

यो आफैं एउटा संयुक्त मोर्चा भएको हुनाले समान विचार राख्ने त्यस प्रकारका मोर्चा छन् भने तिनीहरूसँग एकता गर्दै जाने कुरा स्वभाविक हो । यदि समग्र विषयमा मिल्न सकेन भने पनि आंशिक रूपमा एजेण्डाहरू मिल्दछन् भने कार्यगत एकता गरेर भए पनि संघर्षलाई अघि बढाउन सकिने छ । एउटा सच्चा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा बनेको यस प्रकारको संयुक्त मोर्चाले नै आमूल परिवर्तनको लक्ष्य सम्म पुऱ्याउन सक्दछ ।

**अर्थ-सामाजिक व्यवस्था र प्रधान अन्तर्विरोध**

नेपालमा विगतमा भएका जनताका संघर्ष र आन्दोलनका साथै महान जन युद्ध (सं २०५२-२०६२) र ऐतिहासिक जन आन्दोलन (सं २०६२/०६३), मधेश आन्दोलन, जनजाति, दलित र महिला आन्दोलनहरूको परिणामस्वरूप, नेपालमा करिव २५० वर्ष देखि सक्रिय रहेको राजतन्त्रको २०६५ सालमा अन्त भएको छ । यो परिघटना र खासगरी कृषि क्षेत्रमा मानिसहरूको संलग्नताको कमी, कृषि क्षेत्रमा निर्भरता पहिलेको भन्दा कम भएको विषयलाई आधार बनाएर केही पार्टीहरूले नेपालमा पुँजीवादी क्रान्ति पूरा भैसकेको र अब यही प्रतिकृयावादी व्यवस्थालाई समाजवादमा रूपान्तरण गर्ने जस्ता कुतर्कहरू अघि सार्ने गरेका छन् । आफु क्रान्तिबाट भागेको कुरालाई सही सावित गराउन, नेपाली जनतालाई पुनः भ्रमित गराउनका लागि उनीहरूले यस प्रकारको कुतर्क गरिरहेका छन् । खासगरी नव संशोधनवादीहरूले यो विषयलाई यस किसिमले प्रस्तुत गरेको पाइन्छ ।

वास्तविकता के हो ? हो नेपाल आज सं २०५२ साल कै अवस्थामा छैन । गत २० वर्ष नेपालको इतिहास घात-प्रतिघात, क्रान्ति-प्रतिक्रान्तिका वीचबाट अघि बढ्यो । यो कुरा सत्य हो कि समाजमा भएका अरु चिजहरू जस्तै उत्पादन प्रणाली पनि गतिशील हुन्छ र त्यसमा परिवर्तन भइनै रहन्छ । नेपाली कृषि अर्थतन्त्र पनि यसको अपवाद हुन सक्दैन । यसमा परिवर्तन भएको छ ।

नेपालको अर्थ-सामाजिक अवस्थामा धेरै वर्षदेखि सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गले नै सत्ता संचालन गरिरहेको थियो । राजतन्त्रको अन्त भै गणतन्त्रको स्थापना र उत्पादन पद्धतिमा आएको केही हेरफेरका कारण सामन्तवर्गको भूमिका कमजोर, दलाल र नोकरशाही पूँजीपति वर्गको भूमिका प्रधान बन्न पुगेको छ र पहिलेको प्राथमिकताको क्रममा हेरफेर भएर दलाल, नोकरशाही पुँजीपतिवर्ग हुन गएको छ । तर समग्रमा अर्ध सामन्तवाद र अर्ध /नव औपनिवेशिक अवस्था आधारभूत रूपमा कायमै छ । त्यसकारण नेपाली क्रान्तिको आधारभूत चरित्र यथावत् कायमै छ । अहिले पनि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु नै क्रान्तिकारीहरूको मुख्य कार्यभार हो ।

यहाँ प्रधान अन्तर्विरोधको पनि प्रश्न उठ्दछ । नेपाली समाजमा विद्यमान प्रधान अन्तर्विरोधलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ - 'नेपाली क्रान्तिको वर्तमान चरणमा दलाल एवम् नोकरशाही पुँजीपति र सामन्तवर्ग प्रमुख दुश्मन रहेका छन् । ती वर्ग सामान्यतः साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादद्वारा निर्देशित तथा परिचालित रहिआएका छन् । अहिले दलाल एवम् नोकरशाही पुँजीपति तथा सामन्त वर्ग एकातिर र आम जनसमुदाय अर्कोतिर भई प्रधान अन्तर्विरोध बनेको छ ।' नेपाली समाजमा विद्यमान प्रधान अन्तर्विरोधको यो सही ठम्याई हो । यो प्रधान अन्तर्विरोधको हल गर्नु नै नेपाली नयाँ जनवादी क्रान्तिको यतिखेरको मुख्य कार्यभार हो ।

**पश्चगामी संविधान र प्रतिकृयावादी सत्ता**

कथित दोस्रो संविधानसभाले जारी गरेको संविधान एउटा जन विरोधी, पश्चगामी संविधान हो । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता जस्ता केही कुराहरू सकारात्मक देखिए पनि समग्रमा यो संविधान पश्चगामी छ । नेपाली जनताको आमूल परिवर्तनको आकांक्षामा यो संविधान नै मुख्य वाधककारूपमा खडा हुने भएकाले यसका विरुद्धको संघर्षलाई केन्द्रमा राख्नु आवश्यक हुने छ । यतिखेरको राज्य सत्ता दलाल र नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको हातमा छ । त्यसैले यो प्रतिकृयावादी राज्यसत्ता हो । वर्तमान संविधानले त्यही वर्गको पक्ष पोषण गर्ने भएकोले यो समग्र शोषित, उत्पीडित जनताको विरुद्ध छ । यो प्रमुख कार्यनीतिका विषयमा मेल खाने विभिन्न राजनीतिक संगठनहरू र शक्तिहरूसँग कार्यगत एकता गर्दै अगाडि बढ्ने प्रयास गर्दै जानु पर्दछ ।

**क्रान्तिको नेतृत्वको प्रश्न**

पुरानो किसिमको जनवादी क्रान्ति र नयाँ जनवादी क्रान्ति वीचको मुख्य अन्तर क्रान्तिको नेतृत्व कुन वर्गले र कुन वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीले गर्दछ भन्ने विषय हो । यदि त्यो क्रान्तिको नेतृत्व सर्वहारा वर्गको पार्टीले गरेको छ भने मात्र त्यो क्रान्ति नयाँ जनवादी क्रान्ति हुन सक्दछ । यदि क्रान्तिको नेतृत्व पुँजीपतिवर्गले गरेको छ भने त्यो नयाँ किसिमको नभएर पुरानै खालको पुँजीवादी जनवादी क्रान्ति हुनेछ । यो तथ्य माथि ध्यान दिँदै यो मोर्चाले सच्चा सर्वहारावर्गको प्रतिनिधित्व गर्ने पार्टीलाई नै आफ्नो नेता मान्दछ ।

**जनता आमूल परिवर्तनको पक्षमा**

नेपाली जनताले देशमा आमूल परिवर्तनका निम्ति इतिहासमा पटक पटक ठूला वलिदानहरू गर्दै आएका छन् । सं २००७, २०२८, २०३६, २०४६, २०५२, २०६२/०६३ सालमा भएका क्रान्तिकारी संघर्ष र आन्दोलनहरू र यिनमा नेपाली जनताले गरेका अभुतपूर्व त्याग र वलिदान यसका प्रमाणहरू हुन् । तर, जनताले प्रायः ती संघर्षको नेतृत्व गर्ने पार्टी वा शक्तिहरूबाट नै सबैभन्दा बढी धोका पाएका छन् र उनीहरू माथि बारम्बार विश्वासघात भएको छ । यो एकदम स्वभाविक कुरा हो कि जनतामा यतिखेर राजनीतिक पार्टीहरू र तिनका नेताहरू माथि ठूलो अविश्वास र वितृष्णा पैदा भएको छ । तर, यो स्थिति लामो समय सम्म रहने छैन । दिनदिनैका घटनाक्रमहरूले कुन पार्टी कुन पक्षमा र कुन कित्तामा उभिएको छ भन्ने कुरा स्पष्ट हुँदै गएको छ । आखिरमा समाजमा आमूल परिवर्तन नभैकन जनता र राष्ट्रका समस्या समाधान नहुने भएकाले जन संघर्ष, जन आन्दोलन, क्रान्ति अनिवार्य हुन्छ । जुन पार्टीले यी कार्यभार पूरा गर्नका लागि आफूलाई जनताको पक्षमा उभ्याउँछ र त्यसको नेतृत्व गर्न तयार हुन्छ त्यही पार्टीलाई जनताले आफ्नो पार्टी ठान्दछन् ।

प्रमुख कुरा के हो भने नेपाली जनताले यो देशमा आमूल परिवर्तन ल्याउनकालागि ठूलो त्याग र वलिदान गरेका छन् । अझै पनि नेपाली जनता आमूल परिवर्तन कै पक्षमा छन् । हुनत परिवर्तनको कुरा गर्ने नेपालमा थुप्रै राजनीतिक पार्टीहरू छन् । दर्जन भन्दा बढी त कम्युनिष्ट पार्टी नामधारी संगठनहरू नै छन् । तर परिवर्तनको यो ऐतिहासिक आवश्यकता र जन चाहनालाई पूरा गर्ने सच्चा सर्वहारा वर्गको पार्टीको नेतृत्वलाई मात्र नेपाली जनताले स्वीकार्ने छन् । नेपालमा, संघीय जनगणतन्त्रको स्थापनाका लागि जुन पार्टी अघि बढेको छ यो मोर्चाले त्यही पार्टीको नेतृत्वलाई स्वीकार गर्दछ ।

**मोर्चाः एक ऐतिहासिक आवश्यकता**

नेपाली समाज पछिल्ला दशकमा दश वर्षको महान जनयुद्ध (२०५२-२०६२) र ऐतिहासिक जनआन्दोलन (२०६२/०६३)को क्रान्तिकारी आन्दोलनको आँधी बेहरी र उथल-पुथलमय समयबाट गुज्रियो । यो जनक्रान्तिले पूर्णता पाउने आसा गरेका नेपाली जनताले त्यसको ठिक विपरित अर्को प्रतिक्रान्तिको शृंखलाको सामना गर्नु पऱ्यो । अहिले पनि नेपाली समाज त्यही शृंखलाबाट गुज्रिरहेको छ ।

शोषणका रूपहरूमा केही हेरफेर अवश्य भएको छ । तर नेपाली समाज अहिले पनि दलाल र नोकरशाही पूँजीपतिवर्ग र सामन्तवर्गको उत्पीडन र शोषणबाट पिल्सिरहेको छ भने साम्राज्यवाद र विस्तारवादको वाह्य उत्पीडनको शिकार भएको छ । नेपाली समाजमा विद्यमान यो अन्तरविरोधको समाधान फेरी अर्को सशक्त संघर्ष, सशक्त जनआन्दोलन, र अग्रगामी क्रान्तिले मात्र गर्न सक्ने छ । त्यसको तयारीका लागि यो मोर्चाको टड्कारो आवश्यकता छ ।

*(२०७३ भाद्र २६ र २७ मा सम्पन्न राष्ट्रिय भेलामा अध्यक्ष सी.पी. गजुरेलद्वारा प्रस्तुत एवं पारित घोषणापत्र)*

## सिरियामा अमेरिकी आक्रमणपछि विश्वमा नयाँ तरंग

एजेन्सी । सिरियामा अमेरिकाले विश्वकै शक्तिशाली र महँगो मानिने टोमहक मिसाइलले आक्रमण गरेपछि विश्वमा नयाँ तरंग पैदा गरेको छ । सिरियामा ५९ वटा टोमहक मिसाइलले आक्रमण गरी सिरियाली सैनिक अड्डालाई ध्वस्त पारेपछि अमेरिकाले विश्वमा पुनः नयाँ युद्धको थालनी गरेको विश्लेषण गर्न थालिएको छ ।

विश्लेषकहरूले अमेरिकी आक्रमणले विश्वमा तेस्रो विश्वयुद्धको थालनी हुने टिप्पणी गरेका छन् । सिरियामाथि आक्रमणसँगै अमेरिकी सैनिक हमलाप्रति रुसले कडा आपत्ति जनाइसकेको छ भने चीनले यस विषयमा सार्वजनिक रूपमै असन्तुष्टि जनाइसकेको छ ।

**तेस्रो विश्वयुद्ध सुरुआत भएको टिप्पणी**

सिरियाली हवाई अड्डामा अत्याधुनिक टोमहक सबमारिन क्रुज मिसाइल आक्रमण गरेपछि रुस र अमेरिकाको सम्बन्ध एकाएक शीतयुद्धमा परिणत भएको छ । रुसी प्रधानमन्त्री मेदभेदेभले अमेरिकाले एक स्वतन्त्र राज्यलाई आक्रमण गरेर अन्तर्राष्ट्रिय कानुनको खिल्ली उडाएको आरोप लगाएको छ ।

यता, ह्वाइट हाउसबाट ट्रम्प प्रशासनले मिसाइल आक्रमणको दन्ड अझै कम भएको बताउँदै फेरि 'सरप्राइज' आक्रमण गर्ने बताएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भनेका छन् -'मानवताविरुद्ध रासायनिक हतियारको प्रयोग फेरि गरे आफूहरू चुप लागेर नबस्ने र हवाई तथा स्थलबाटै आक्रमण गर्न तयार छौं ।'

ट्रम्पको आक्रामक टिप्पणी आउनेबित्तिकै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सिरियाको सबै सामुद्रिक बन्दरगाहको कुनैपनि हालतमा रक्षा गर्न र आइपर्ने समस्यासँग जुध्न 'एडमाइरेल' ग्रिगरोभिचलाई आदेश दिएका छन् । अन्तर ष्ट्रिय सन्चारमाध्यमहरूले एकाएक ट्रम्प प्रशासन आक्रामक हुँदा रुस र अमेरिकाबीच सिरियाको विषयलाई लिएर चलेको शीतयुद्ध तेस्रो विश्वयुद्धमा परिणत हुन सक्ने खतरा औंल्याएका छन् ।

**आक्रमणप्रति चीनको विरोध**

सिरियामा अमेरिकाले गरेको मिसाइल हमलाप्रति चीनले विरोध जनाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनिइङले चीन अन्तर्राष्ट्रिय सम्बन्धमा यस्ता आक्रमणको सधैं विपक्षमा रहेको बताउँदै समस्याको समाधान राजनीतिक तथा कूटनीतिक संवादबाट गरिनुपर्नेमा जोड दिएकी छन् । उनले कुनैपनि देश, समूह र संस्थाले मानिसमाथि रासायनिक हमला गर्न नहुने भन्दै घटनाको स्वतन्त्र न्यायिक छानविन हुनुपर्ने बताइन् ।

यसैबीच चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच भएको वार्तामा सिरियामाथिको आक्रमणको विषयमा छलफल भएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लु काङका अनुसार राष्ट्रपति सीले रासायनिक हतियार प्रयोगप्रति चीन सधैं विपक्षमा रहेको भन्दै सिरिया समस्या समाधानका लागि कूटनीतिक तथा राजनीतिक पहल गर्न ट्रम्पलाई आग्रह गरेका छन् ।

**अमेरिकी युद्धपोत कोरियाली समुद्रमा**

अमेरिकी सेनाले हमलाका लागि सक्षम युद्धपोत कोरियाली प्रायद्वीपतर्फ अघि बढाएको छ । ट्रम्प प्रशासनको आदेशमा कार्ल विनसन टकडीमा युद्धपोतका साथै एयरक्राफ्ट क्यारियर समेत सामेल छन् । राष्ट्रपति ट्रम्पले उत्तर कोरियामाथि चीनले साथ नदिए एक्लै अमेरिकाले कारबाही चलाउने बताएको एक सातापछि नै कोरियाली समुद्रतर्फ युद्धपोत पठाएको हो । अमेरिकी प्यासिफिक कमाण्डका प्रवक्ता डेभ बेनहमले भने, 'यस क्षेत्रमा सबैभन्दा ठूलो खतरा उत्तर कोरिया हो किनकी ऊ गैरजिम्मेवार छ र आफ्नो मिसाइल परीक्षण र परमाणु हतियार बनाउने प्रयासबाट खतरा पैदा गरिरहेको छ ।'

**हामी सही छौं : उत्तर कोरिया**

उत्तर कोरियाले सिरिया आक्रमणलाई लिएर प्रतिक्रिया व्यक्त गर्दै आफूहरू सही रहेको साबित भएको जनाएको छ । अमेरिकी मिसाइल आक्रमणपछि आफ्नो परमाणु कार्यक्रमलाई बलियो पार्ने निर्णय सही साबित भएको उसको भनाई छ । उत्तर कोरियाली सरकारी मिडियाले एक सरकारी प्रवक्ताको भनाई उद्दृत गर्दै लेखेको छ, 'शुक्रबार भएको हमला एक सम्प्रभु राष्ट्रका विरुद्ध असहय आक्रामकता हो । हामी यसको कडा शब्दमा निन्दा गर्दछौं ।' उत्तर कोरियामाथि मिसाइल विकसित गरेको आरोपमा राष्ट्रसंघ र अमेरिकाले विभिन्न प्रकारका नाकाबन्दी लगाउँदै आएको छ । उत्तर कोरियाले आफूहरू अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल परीक्षण नजिक रहेको दाबी गरेको छ । उत्तर कोरियाले शक्तिका विरुद्ध शक्तिका साथ खडा हुनु आजको आवश्यकता भएको उल्लेख गर्दै यसले लाखौं पटक परमाणु हतियार विकास गर्ने फैसला सही थियो ।

पछिल्लो समयमा शक्ति राष्ट्रहरूबीच देखिएको छिनाझम्टी र शक्तिको तुजुकका कारण विश्वमा नयाँ युद्धको अवस्था सिर्जना भएको देखिन थालेको छ । सोभियत नेता मिखाइल गोर्बाचोभसहित केही विद्वानहरूले समेत तेस्रो विश्वयुद्धको सम्भावनालाई औंल्याइरहेका बेला हालैका दिनमा देखिएको हतियारमोहले नयाँ ढंगबाट युद्धको थालनी हुने संकेत देखिएको छ । विभिन्न अन्तर ष्ट्रिय समाचारमाध्यमहरूले समेत अमेरिकाले सिरियामाथि गरेको आक्रमण, उत्तर कोरियालगायतका राष्ट्रविरुद्धको आक्रामकता आदि कारणले विश्वमा अशान्ति र युद्धको अवस्था सिर्जना भएको टिप्पणी गरेका छन् ।

# नक्कली लोकतन्त्रका नक्कली राष्ट्रवादीहरू !



◆ कृष्ण गुरुङ (अस्मान)

नेपाल लगायत पुँजीवादी विश्वमा ‘लोकतन्त्र’ सत्तालाई सन्तुलित राख्ने राजनैतिक साधन मानिन्छ। वास्तवमा पुँजीवादले लोकतन्त्रको बैशाखी लिएर विश्वलाई सामन्तवाद र साम्राज्यवादको दुई खुट्टाको पाइला मुनि कुल्ची रहेको छ। सामन्तवाद र साम्राज्यवाद एकाधिकार पुँजीवादको पूर्ण नियन्त्रणमा हुन्छन्, पुँजीवादको प्रयोग सामन्तवाद र साम्राज्यवाद कस्ले गर्ने यसको प्रयोगशाला नै लोकतन्त्र बन्न पुगेको छ। सामन्तवाद र साम्राज्यवाद शासकीय स्वरूप, राजनैतिक प्रकृया, सरकार निर्माणको परिपाटी त्यसको आधारमा गरिने भौगोलिक विभाजन तथा त्यस व्यवस्थाको न्यायिक आँखा र अन्तराष्ट्रिय दृष्टिकोणको मुल्यमान्यता मात्रले छुट्याउन सकिन्छ । यो सबै संवैधानिक सर्वोच्चतामा अभिव्यक्त भएको हुन्छ। समग्रमा राज्यव्यवस्था भनेको त्यसदेशको संविधान हो । संविधानको त्यसै चरित्रद्वारा त्यस देशमा सञ्चालित लोकतन्त्र सामन्तवादी हो या साम्राज्यवाद हो स्पष्ट हुन्छ। यो सबै व्यवस्थाको सार्वभौम शक्ति पुँजीमा निहित हुन्छ । त्यो एकाधिकार पुँजीमार्फत या त साम्राज्यवादमा या त सामन्तवादमा केन्द्रित हुन्छ । पुँजीवादी व्यवस्था सार्वभौम शक्तिको स्रोत पुँजी हुने भएकोले, त्यसले त्यो देशको राजनैतिक चरित्रलाई निर्धारण गर्दछ । पुँजीको अर्को रूप उत्पादन र उत्पादनको साधन भएकोले त्यसको कब्जामा कहिले सामन्तवाद र कहिले साम्राज्यवाद त्यसका दलालमार्फत मालिक बन्ने गर्दछ।

सर्वप्रथम सम्पूर्ण स्रोतसाधन पुँजीको नियन्त्रणमा राख्ने, त्यस पुँजीको निमित्त सत्ता साधनको रूपमा साम्राज्यवाद र सामन्तवादको टकराव र कब्जाको होड चलिरहने गर्दछ, यस अर्थमा वास्तवमै लोकतन्त्रको अनुहारभित्र सामन्तवाद र साम्राज्यवाद अस्तित्वको लडाई समुन्द्री ज्वारभाटाको रूपमा उछाली रहेको हुन्छ। सामन्तवाद र साम्राज्यवादको एउटै धरातल पुँजीवाद हुन्छ, जसमा सबै व्यक्ति र समुदायका नित्यान्तै व्यक्तिगत मामिला के खाने, के पढ्ने, के चढ्ने, कहाँ बस्ने, माननीय मन्त्री को बन्ने कस्ले कस्तो नोकरी खाने आदि सबै पूर्णरूपमा पुँजीले नियन्त्रण र निर्धारण गर्दछ। पुँजीको विकल्पमा संसारभर कतै पनि व्यक्ति र समुदायको आफ्नो भन्नु सिन्को हुँदैन, त्यसैलाई एकाधिकार पुँजीवादी राज्यव्यवस्था भनिन्छ।

वर्तमान नेपालमा अभ्यास भइरहेको लोकतन्त्र सामन्तवाद र साम्राज्यवाद राष्ट्रिय आत्मसमर्पणवादीहरूको राष्ट्रियताको नामबाट कडा टक्करमा अभिव्यक्त भैरहेको छ। नेकपा एमाले, रा.प्र.पा. नेपाललगायतको एउटा शक्तिले अहिले मण्डले सामन्तवादी राष्ट्रियताको नेतृत्व गर्दैछ, दोस्रो नेपाली कांग्रेस, माओवादी केन्द्र र मधेसी दलहरूले साम्राज्यवादी कित्ताको नेतृत्व गर्दछ, सडक र सदनमा त्यसै दुईवटा ध्रुव राष्ट्रिय आत्मसमर्पणवादीहरूको भ्रम जनतालाई दिई भ्रमित पारी रहेको छ।

राष्ट्रियता मुख्य चारवटा तत्वले निर्धारण गर्दछ । पहिलो, भेषभुषा- जसले उसको परिचय झल्काउँछ, दोस्रो, संस्कृति त्यसले उसको पहिचन गराउँछ । तेस्रो, उसको भाषा जो आत्मा हो जसमा उसको अभिव्यक्ति हुन्छ। चौथौ, यी सबै मिल्ने एउटा समुदायको सघन वस्तीले ओगटेको भूगोल राष्ट्रियतासहितको राष्ट्र हुन्छ । त्यही फरक-फरक राष्ट्रियता र समुदायले ओगेटेको बहुसाँस्कृतिक बहुपहिचान, बहुभाषिक, बहुविविधतायुक्त भुगोलको सामरिक महत्वबाट राष्ट्रिय राष्ट्रियता बन्दछ। विविधता युक्त भुगोल, भाषा, सांस्कृतिक र ऐतिहासिक पहिचान तथा सामर्थ्यको आधारमा संघीय राज्य व्यवस्थाको परिकल्पना गरिएको थियो । निर्वाचनद्वारा सबै समुदायका जाति, लिङ्ग, क्षेत्रको आधारमा समान अनुपातमा समावेश गर्ने प्रतिनिधित्वको सुनिश्चितता ग्यारेन्टी गर्ने र सबै व्यक्ति समुदायको आन्तरिक राष्ट्रियता ग्यारेन्टी गरेर मात्रै राष्ट्रिय राष्ट्रियता मजबुत हुन्छ । त्यहाँ उसको व्यक्तिगत अधिकारको ग्यारेन्टी हुन्छ, त्यस्तो राष्ट्रियताको लागि मान्छे जस्तोसुकै विपतिसँग पनि जुध्न तयार हुन्छ, यी सबै महान दशवर्षे जनयुद्धबाट हासिल गरेका उपलब्धिलाई अस्वीकार गर्दै वन देख्ने रुख नदेख्ने, राष्ट्रियता एमालेको मण्डले खालको राष्ट्रियता हाल नेपाली राजनीतिक बजारमा लोकप्रिय छ । महिला, दलित, जनजाति, किसानहरूलाई जन्मसिद्ध दिएको समानुपातिक अधिकारको विरोध गर्दै एमाले पार्टीले दया र निगाहमा आरक्षित अधिकारको कुरा गर्दछ । संघीयताको अधिकार एमाले दिनै चाहँदैन र कथंकदाचित दिई हाले पनि भाषिक, साँस्कृतिक, भेषभुषासहितको अधिकारहित पुरानै ५ विकास क्षेत्रलाई नाम मात्रको संघीयता बनाउने प्रस्ताव गर्दछ । उसले विविध उत्पीडित र शोषणमा परेको वर्ग, समुदायको अधिकारलाई उल्टै दमन गरेर राजाको जस्तै एउटै साँस्कृतिक सबैको संस्कृति, एउटै भाषा भन्ने जस्तो निष्कृष्ट खालको पहाडी ब्रम्हमाणवादी अहंकारवादी मण्डले सामन्तवादी राष्ट्रियताको कुरा गरेर एमाले पार्टीले तराईमा लागेको बिहानको ढुडी जस्तै राष्ट्रियताको भ्रम छर्दैछ। जनताको ठूलो समूहलाई दिग्भ्रमित गर्दै गलत विचारभित्र कैद गरेको छ । भूगोलको अन्तर्राष्ट्रिय सिमानाको कुरा मात्र गरेर एमाले पार्टीको राजाको जस्तो अन्धराष्ट्रवादले जनताको ठुलो हिस्सालाई भ्रमित पारेको छ।

एमालेको राष्ट्रवाद भनेको राजा र पञ्चायती शैलीको जस्तै दुरुस्त छ। राजाको ठाउँमा के.पी. ओली र पञ्चायती राजनीतिक प्रणालीको ठाउँमा एमालेको एकाधिकार राजनीतिक परिपाटी स्वीकार गर्नुपर्ने जस्ता घृणित दृष्टान्तका लक्षणहरू एमाले पार्टीको राष्ट्रियताभित्र दुर्गन्धभैं फैलिरहेको छ। यसका विरुद्ध जनताको राष्ट्रियतालाई डिमार्केशन गरेर जबसम्म जनताको ठूलो हिस्सालाई एमाले पार्टीको दिग्भ्रमबाट डाइभर्सन गर्न सकिदैन, तबसम्म देशमा फेरि राजा फर्काउने चाल जान वा अन्जानमा त्यस पार्टीबाट गतिविधि भइरहेको देखिन्छ । राष्ट्रियताको मुखुण्डोभित्र खेलिरहेको कालो कर्तुतबाट आन्तरिक राष्ट्रियताको हत्या गर्दै एमाले पार्टीको राष्ट्रियताले महिला, दलित, जनजाति, किसान, पहाडी मधेसी कसैलाई अधिकार नदिने र यी सबै अधिकार राजको भै आफ्नै पेवा ठान्दछ । त्यो सामन्तवादी अधिकार वर्तमान एमाले पार्टीले आफूमा निहित गराउन चाहन्छ । त्यो नै वर्तमान सामन्तवादको उत्कर्षका रूप हो भन्नेमा कुनै दुविधा छैन ।

अर्को ध्रुव सबैलाई आन्तरिक राष्ट्रियता र संघीयता दिने नाममा बिरालो लखेटेर स्याल भित्र्याउने खेलमा नेपाली कांग्रेस, माओवादी केन्द्र र मधेसी दलहरू लागेका छन्। यिनीहरूले आन्तरिक राष्ट्रियता प्रधान गर्ने नाममा भारतको अनुकूल नजानिदो ढंगले राष्ट्र विखण्डन गर्ने राष्ट्रिय आत्मसमर्पणवादको बाटो समातेका छन्। एअरपोर्टमा भारतीय सेना राख्ने, भारतको अनुकूल नागरिकता विधयेक पास गराउने, भारतकै परामर्शमा संघीय सिमाना फेरबदल गर्ने यस्तो खालको गतिविधि भनेको साम्राज्यवादी भूमण्डलीकृत राष्ट्रियताको पृष्ठपोषक हो। पीडीए गरेर देशका अपार जलसम्पदाहरू सुम्पिने र भारतीय विस्तारवादी नीतिअनुसार नेपाललाई चोक्टा चोक्टा पारेर निल्न सजिलो पार्ने भूमण्डलीयकरणीय साम्राज्यवादी त्यसको मूर्तरूप विस्तारवादी राष्ट्रियताको प्रयोग नेका, माके र मधेसी मोर्चाले गरेको छ । विडम्बना, जुन नेपालमा प्रतिस्पर्धा भइरहेको राष्ट्रियता छ, त्यो कि त साम्राज्यवादी भूमण्डलीकृत राष्ट्रियता हो र कि त त्यो पहाडिया अहंकार ब्रम्हाणवादी मण्डले खालको सामन्तवादी राष्ट्रियता हो। यो दुवै राष्ट्रियताबाट जनताको आन्तरिक राष्ट्रिय र समग्र राष्ट्रिय राष्ट्रियतामा गम्भीर व्यवधानको समस्या पैदा भएको छ । वर्तमान नेपालको राजनीतिक बजारमा सडकदेखि सदनसम्म जुन राष्ट्रियता अभिव्यक्त भइरहेको छ, त्यो रामको भेषमा रावणको कर्तुत हो। यी दुवै पक्ष भारतीय विस्तारवादी दलाल हुन् । एकाधिकार पुँजीवादले नियन्त्रण गरेका साम्राज्यवादी दलाल र सामन्तवादी दलालहरूको मिलनविन्दु अन्ततः एकाधिकार पुँजीवाद नै हुन्छ र त्यसको अन्तर्यमा भारतीय विस्तारवाद नै सक्रिय छ । नेपाली पुँजीको मूल स्रोत भनेको उत्पादनसँग सम्बन्धित दलाल पुँजी र अर्को अनुदानसँग सम्बन्धित नोकरशाही दलाल पुँजी हो । सबै उपभोग्य वस्तु सियोदेखि टाँकसम्म भारतमा बन्ने भएकोले त्यसको व्यापारबाट आउने अतिरिक्त मुनाफाको दलाल पुँजीबाट जीविका चलाउँदै आएको एउटा निम्न पुँजीपति वर्ग र माननीय मन्त्री भएर अनुदान स्वरूप वैधानिक रूपले देश र जनताको नाममा ऋण लिने, मन्त्री, कर्मचारी, माननीय र दलको नाममा भ्रष्टाचार गर्ने नोकरशाही दलाल । यी दुईवटै दलाल वर्गको सम्बन्ध उही साम्राज्यवादी पुँजीमा आश्रित हुन्छ । साम्राज्यवादीहरूको मूर्त रूप भनेको भारतीय विस्तारवादी पुँजीको कुरा हो, जसले सन् १९४७, सन् १९५०, सन् १९५४, सन् १९९० को सन्धिमा आधारित छ । र त्यसको अस्तित्वसहितको वर्तमान संविधान अर्धऔपनिवेशिक, अर्ध सामन्ती, दलाल नोकरशाही पुँजीवादको उपज हो । त्यसको समूलनष्ट र सम्पूर्णरूपले उपभोक्तावादमा बदलिएको नेपाल छ.. लाई पुँजीको नियन्त्रणबाट जनताको नियन्त्रणमा रहने जनवादी व्यवस्था र पछि समाजको नियन्त्रणमा रहने समाजवादी व्यवस्थाका लागि निर्विकल्प विद्रोहको बाटो बाहेक अरु सबै भ्रम हुन्छ। समाजको प्राकृतिक बनावट अनुरूप प्राकृतिक सिद्धान्तमा आधारित जाति, लिङ्ग, वर्ग र क्षेत्र जसको जति जनसंख्या छ, त्यसको आधारमा गरिने पूर्ण समानुपातिक निर्वाचन जहाँ समाजभित्र उच्च निच देख्ने र जन्मसिद्ध विभेद र भेदभाव गर्ने सामन्तवादी सोच दृष्टिकोण खारेज भएको सबै भूगोलका विशेषतामाथि ध्यान दिदै पहिचान, सामर्थ्यको इतिहासमा आधारित संघीयताको विभेदरहित जनवादी गणतान्त्रिक राज्य व्यवस्थाले मात्र नेपालमा देखापरेको संकट मोचन गर्न सक्दछ।



# राष्ट्रियताबारे भ्रम र वास्तविकता



◆ श्रीकृष्ण सुलु

धुँवादारको गलत प्रचारले गर्दा राष्ट्रियताबारे धेरै भ्रम फैलिएको छ। यहाँसम्म कि व्रम्हाणवादी खस जातीय भाषा, भेषभुषा र संस्कृति नै राष्ट्रियता हो भन्ने परिरहेको छ। गलत कुरालाई पनि सही हो भनी हजारौ पटक प्रचार गरेपछि भ्रम सिर्जिन्छ । दिमागको प्लास्टिक स्वभाव (उबिकतष्अ लबतगचभ या ज्ञ्लम) ले गर्दा दिमागमा एउटा चीज भरिदिए पछि त्यसलाई मेटाउन गाह्रो हुन्छ। खराबै या गलतै विचार भए पनि, बारंबार दोहोऱ्याएपछि त्यो वैचारिक शक्ति भौतिक शक्तिमा रूपान्तरण हुन्छ । यसले त्यो विचार वाहेकका अरु कुरा सुन्न पनि अधैर्यता हुने खतरा हुन्छ । त्यसैले विचार भनेको सही दिनु पर्छ । विचारमा विष छर्नु महापाप हो । लेनिनको पालामा रुसमा ‘प्राब्धा’ पत्रिका एक दिन मात्र पढिएन भने पनि दिमागमा बुर्जुवा गलत विचार छिर्छ भनिन्थ्यो। यहाँ पनि सही विचारको अभावमा धेरै भ्रम फैलिएको छ । त्यसैले यहाँ राष्ट्रियता र जातीय मुक्तिबारे केही भ्रम र खोटा विचारहरूको खण्डन तथा सही विचारमाथि प्रकाश पार्ने प्रयास गरिएको छ।

**राष्ट्रिय एकताका दुई तरिका : दमनमा आधारित र समानतामा आधारित**

राष्ट्र भनेको जाति/जनता हो। राष्ट्रियता भनेको जाति जाति (या जनता जनता) वीचको एकता हो। राष्ट्रियता या राष्ट्रिय एकता कायम गर्ने दुइटा तरिका छन्, एउटा माथिबाट तल जबर्जस्ती तानाशाही ढंगले लाद्ने तरिका, मैले भनेको भाषा मात्र बोल्नु पर्छ, मैले भनेको जातिले मात्र अवसर पाउनु पर्छ, मैले भनेको सँस्कृति मात्र मान्नु पर्छ, जसको अभ्यास हिटलरदेखि महेन्द्र, ज्ञानेन्द्रसम्मका राजाहरूले गरे। यो शोषण, उत्पीडन, दमन र अन्यायमा आधारित कथित राष्ट्रियता हो । अर्को न्याय र समानातामा अधारित वास्तविक राष्ट्रियता हुन्छ, जुन जनस्तरबाटै उठेको हुन्छ, एकले अर्कोलाई समान गर्ने, अस्तित्व स्वीकार्ने, समान अधिकार पाउने हुन्छ। यसमा एकले अर्कोलाई शोषण, अन्याय, दमन गर्ने भन्ने कुरै उठ्दैन । यस्तो न्यायमा आधारित राष्ट्रियताले दीगो शान्ति र द्रुत विकास हुन्छ।

**जनवादको दुई कार्यभार : सामन्तवाद र साम्राज्यवादको अन्त्य**

जनवादको दुई कार्यभार सामन्तवाद र साम्राज्यवादको अन्त्य गर्नु हो । आन्तरिक र वाह्य राष्ट्रियता सम्बन्धी समस्याको वास्तविक समाधान नयाँ जनवादी व्यवस्थाले मात्र दिन सक्छ। आन्तरिक भनेको देश भित्रैका बिभिन्न जाति भाषाभाषी बीचको एकता हो। बाहय राष्ट्रियता भनेको बिदेशी थिचोमिचो बिरुद्धको संघर्षका निम्ति हुने एकता हो । सख ब्रम्हाणवादी उच्च जातीय अहंकारवादमा आधारित सामन्तवाद र भारतीय विस्तारवाद र तिनको दलालीमा स्थापित दलाल शासकहरूको अन्त्यविना नेपाली जनताको र नेपाल राष्ट्रको विकास एवम् समृद्धि सम्भव छैन।

**बाह्य राष्ट्रियताका लागि आन्तरिक राष्ट्रियता बलियो हुनु अनिवार्य**

देशभित्रका जनताबीचको एकता नै आन्तरिक राष्ट्रियता हो। आन्तरिक राष्ट्रियता सुदृढ नगरी बाह्य राष्ट्रियताको रक्षा संभव छैन । सबै जाति/भाषा/सँस्कृतिले समान अधिकार पाएपछि मात्र भावनात्मक एकता पैदा हुन्छ । आन्तरिक राष्ट्रियता बलियो हुन्छ । महेन्द्रीय एकल जातीय मण्डले अन्धराष्ट्रवादबाट नेपालको राष्ट्रियताको रक्षा संभव छैन।

**प्रगतिशील राष्ट्रियताको आवश्यकता**

राष्ट्रियता भनेको सिमाको सबाल मात्रै होइन । राष्ट्रियताका बहुआयामहरू हुन्छन् । आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक आदि इत्यादि पनि राष्ट्रियतामा पर्छन्। राष्ट्रियता बचाउन यी सबैमा ध्यान पुऱ्याउनु पर्छ। ३ महिना बढी नाकाबन्दी हुँदा खाली भारतबाट नुन आएन, तेल आएन, ग्याँस आएन, यो आएन, त्यो आएनको मात्र कुरा थियो। नाकाबन्दीले गर्दा यो नेपाली उत्पादन विदेशमा बेच्न पाइएन भन्ने कुरा आएन। यसको अर्थ हाम्रो उत्पादन छैन, हामी आत्मनिर्भर छैनौं भन्ने नै हो। यस्तो अवस्थाले राष्ट्रियता कमजोर बनाउँछ । गहन अध्यायन, बिश्लेषण गर्नु पर्छ।

**विभेद र उत्पीडननै विखण्डनको आधार**

जाति(राष्ट्रियता)हरूलाई अधिकार दिंदा देश विखण्डित हुन्छ भन्ने हल्ला खस जातीय अहंकारवादीहरूले चलाइरहेका छन् । संघीयताको ठूल्ठूला कुरा गर्नेहरू वर्षौदेखि विभेद र उत्पीडनमा पारिएका जातिहरूलाई अधिकार सम्पन्न भएको देख्न चाहँदैनन् । अहिले पनि उनीहरू पहिचान र सामर्थ्यविनाको नाम मात्रको संघीयतामा अल्मल्याएर विभेद र उत्पीडनलाई नयाँ स्वरूपमा कायम राख्न चाहिरहेका छन्, खासगरी कांग्रेस, एमाले, माके र राप्रपाहरूले । बललाई जति जोडले भुइँमा फाल्छौ, बल त्यति नै जोडले माथि उफ्रन्छ, भनेजस्तै शासकहरूले जति धेरै विभेद र उत्पीडन लाद्छन् र उत्पीडित जातिहरूलाई अधिकार दिँदैनन्, त्यसले नै विद्रोह र विखण्डनलाई जन्माउन खतरा बढिरहन्छ।

**राष्ट्रवाद भनेको जातिवाद हो : हामी देशभक्त हुने हो**

राष्ट्र भनेको देश वा राज्य होइन बरु जाती हो। नेशनलाई नेपालीमा जाती या राष्ट्र भनिन्छ । त्यसैले राष्ट्रवाद भनेको जातिवाद हो, देशभक्ति होइन । साझा भाषा, साझा संस्कृति, साझा भूगोल, साझा इतिहास, साझा मनोबिज्ञान भयो भने एउटा जाति या राष्ट्र बन्छ। नेपाल एक बहुराष्ट्रिय देश हो। तर यहाँ राष्ट्रलाई नै देश र राष्ट्रवादलाई नै देशभक्ति भन्ने भ्रम छ। वास्तवमा राष्ट्रवाद भनेको जातिवाद हो । जातिवाद्को स्रोत सामन्तवाद र गन्तव्य फासिवाद हो।। त्यसैले राष्ट्रवाद ज्यादै खतरनाक चीज हो । हिट्लर पनि राष्ट्रवादको नाममा फासिवादी बनेको हो। नेपाली हुनु र नेपालको माया गर्नु छुटै कुरा हो यो देशभक्ति हो तर राष्ट्रवादी हुनु भनेको जातिवादी हुनु हो।

**समृद्ध देशलाई गरीब र खोक्रो बनाउने पनि देशभक्त ?**

इटालीका एक इतिहासविद्का अनुसार मल्लकालामा काठमाण्डौ उपत्यकाका जनताको आर्थिक स्तर, जीवन स्तर, प्रतिव्यक्ति आम्दानी लगभग जर्मनको जति थियो । तर आज के संसारकै गरीब मुलुकमा नेपाल छ। यो कसले पुऱ्यायो ? सन् १९८० मा नेपालको प्रतिव्यक्ति आम्दानी ३२० डलर थियो। लगभाग चीनभन्दा नि धनी। तर आज चीनको प्रतिव्यक्ति आम्दानी ११,००० डलर पुगेको छ, नेपालको ७०० डलर मात्र छ। आखिर यो सब कसले गर्दा भयो ? बि सं २०५२ सालमा अरुण तेस्रो (विश्व बैंक)लाई नफर्काइएको भए आज नेपालसँग थप ९०० मेघावाट बिजुली हुन्थ्यो। बिजुलीमा भारतिय एकाधिकार कायम गराउन त्यो बेला अरुण तेस्रो (विश्व बैंक)लाई फर्काइएको होइन ? भारतीय एकाधिकार पुँजीको पक्षमा वकालत गर्ने एमालेजनहरू नै आज कुन हिसाबले देशभक्त दावी गर्छन् ?

**र, अन्त्यमा,**

भाषा, जाति, सँस्कृति, धर्म आदि फरक भएकै आधारमा क्षणिक राजनीतिक लाभको लागि कसैको देशभक्तिमाथि लान्छना लगाउन थालियो भने नेपाली राष्ट्रियता कमजोर हुन्छ । अधिकार मागेकै कारण जथाभावी बोल्नाले सि. के. राउत प्रवृत्तिहरूलाई फाइदा हुन्छ। कमजोरलाई होच्याउनु सामन्ती सोच हो। सानो या कमजोरलाई होच्याउनु अन्यायकै पक्ष लिनु हो । असमान व्यवहार र होच्याउने प्रवृत्तिले राष्ट्रियतालाई कमजोर बनाउँछ । कसैले के भन्छ होइन के गर्छ र के गर्छ भन्दा नि किन गर्छ कारण बुझेर मात्र अगाडि बढौं। शोषणरहित समृद्ध नेपाल निर्माणका लागि जनवादी क्रान्तिको तयारीमा जुटौं।

# देशभक्ति र अन्तर्राष्ट्रवाद-३

७. जापानको प्रतिरोध गर्ने वित्तीय र आर्थिक नीतिहरू अपनाऊ । पैसा हुनेले पैसा दिनुपर्ने र जापानी साम्राज्यवादीहरू तथा चिनियाँ देशद्रोहीहरूको सम्पत्ति जफत गरिने सिद्धान्तमा वित्तीय नीति आधारित हुनुपर्छ, अनि जापानी मालसामानहरूलाई बहिष्कार गर्ने र स्वदेशी मालसामानहरूलाई महत्व दिने सिद्धान्तमा आर्थिक नीति आधाति हुनुपर्छ- हरेक चीज जापानका प्रतिरोध गर्ने कामको निम्ति हुनुपर्छ । वित्तीय भारत गलत कदमहरूको उपज हो र यस खालका नयाँ नीतिहरू अपनाएपछि त्यसलाई अवश्यै हटाउन सकिनेछ र यी नीतिहरूले जनस्वार्थको सेवा गर्छन् । यत्रो विशाल क्षेत्र र यत्रो विशाल जनसंख्या भएको देश वित्तीय र आर्थिक दृष्टिले निर्धो छ भन्नु एकदमै हास्यास्पद कुरा हो ।

८. हाम्रो एउटा ठोस विशाल पर्खालको रूपमा राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर्ने सम्पूर्ण चिनियाँ जनता, सरकार र सशस्त्र शक्तिहरूलाई एकगढ बनाऊ । सशस्त्र प्रतिरोध र माथि उल्लेख गरिएका उपायहरूसम्बन्धी नीतिको कार्यान्वयन यसै संयुक्त मोर्चामाथि भर पर्छ । यहाँनेर गाँठो कुरा कोमिनताङ र कम्युनिष्ट पार्टीबीचको घनिष्ठ सरसहयोग हो । सरकार, पल्टनहरू सबै राजनीतिक पार्टीहरू र सम्पूर्ण जनता यी दुई पार्टी बीचको यस्तै सरसहयोगको आधारमा एकताबद्ध होऊन् । 'राष्ट्रिय संकट हटाउन चोखो भावनाको एकता' भन्ने नारालाई मीठा शब्दहरूमा मात्र सीमित नराखी राम्रा कामहरूद्वारा प्रदर्शन गर्नुपर्छ । एकता सच्चा हुनुपर्छ, छलछामले काम चल्दैन । राज्यका कामकाजहरूको सञ्चालनमा हृदयको झन् बढी विशालता र बढी उदारताको भावना हुनुपर्छ । तुच्छ क्षुद्रता, नीच चालबाजी, नोकरशाही र आह क्यूवादको बिल्कुल केही काम छैन । शत्रुको विरुद्धको तिनलाई प्रयोग गर्न एकदमै व्यर्थ छ र आफ्नै देशवासीहरूमाथि तिनलाई प्रयोग गर्नु एकदमै हास्यास्पद कुरा हुनजान्छ । हरेक कुरामा प्रमुख र गौण सिद्धान्तहरू र गौण सिद्धान्तहरू प्रमुख सिद्धान्तहरूको मातहतमा रहन्छन् । हाम्रा देशबन्धुहरूले प्रमुख सिद्धान्तहरूको आधरमा राम्ररी सोचविचार गर्नुपर्छ, किनभने त्यसरी सोचविचार गरेपछि मात्रै उनीहरूले आफ्नो विचारहरू र कामहरूलाई उचित दिशातर्फ लगाउन सक्नेछन् । आज कसैको मनमा एकताको साँचो इच्छा जाग्न थालेको छैन भने त्यस्तो मानिसले चकमन्न रातमा आफ्नो अन्तःस्करणलाई जाँच्नैपर्छ र अरु कसैले उसको निन्दा गरोस् वा नगरोस् उसले अलिकति लज्जित हुनैपर्छ ।

माथि बयान गरिएका, दृढतासाथ सशस्त्र प्रतिरोध गर्ने उपायहरूको श्रृङ्खलालाई आठ सूत्रीय कार्यक्रम भन्न सकिन्छ । दृढतासाथ सशस्त्र प्रतिरोध गर्ने नीति सँगसँगै उपायहरूको यस श्रृङ्खलालाई पनि अपनाउनैपर्छ, नत्रभने कहिल्यै विजय हासिल गर्न सकिने छैन र चीनमाथिको जापानी आक्रमण कहिल्यै टुङ्गिने छैन, अनि चीन चाहिँ जापानको विरुद्ध लड्न असमर्थ हुनेछ र अबिसिनियाको जस्तो दुर्गतिबाट जोगिन यसलाई धौ-धौ पर्नेछ ।


जो-जो मानिसहरू दृढतासाथ सशस्त्र प्रतिरोध गर्ने नीतिलाई सच्चा दिलले मान्दछन्, तिनले उपायहरूको यस श्रृङ्खलालाई व्यवहारमा लागू गर्नैपर्छ । अनि दृढतासाथ सशस्त्र प्रतिरोध गर्ने कुरालाई तिनले सच्चा दिलले मान्छन् कि मान्दैनन् भन्ने कुरा जाँच्ने कसी चाहिँ उनीहरूले उपाहरूको यस श्रृङ्खलाई स्वीकार गर्ने वा नगर्ने लागू गर्ने वा नगर्ने कुरा नै हो ।

जनतालाई स्वतन्त्रता प्रदान गर्नुको सट्टा दबाउनु,

जनवादी केन्द्रीयतामा आधारित राष्ट्रिय प्रतिरक्षाचको सरकारको सट्टा नोकरशाहहरू, दलाल पूँजीपतिहरू र ठूला जमिन्दारहरूको एकतन्त्री सरकार कायम गर्नु, जापान प्रतिरोध गर्ने विदेश नीतिको सट्टा उसको चापलुसी गर्ने नीति अपनाउनु ।

जनताको रहनसहनमा सुधार ल्याउनुको सट्टा लगातार उनीहरूमाथि लूटामार मच्याउनु, जसले गर्दा उनीहरूको सास्तीमुनि जनता विलौना गरिरहुन् र जापान प्रतिरोध गर्न असमर्थ होउन् ।

शिक्षालाई राष्ट्रिय प्रतिरक्षाको निम्ति प्रयोग गर्नुको सट्टा राष्ट्रिय दासताको निम्ति प्रयोग गर्नु । जापानी प्रतिरोध गर्ने वित्तीय र आर्थिक नीतिहरूको सट्टा हाम्रो देशलाई फाइदा नगरी शत्रुको फाइदा गर्ने



**माओत्सेतङ**

उही पुराना अथवा ती भन्दा झन् खराब र आर्थिक नीतिहरू लागू गर्नु ।

जापान विरोधी राष्ट्रिय संयुक्त मोर्चालाई हाम्रो विशाल पर्खालको रूपमा निर्माण गर्नुको सट्टा त्यसालाई भत्काउनु अथवा खूब चिप्ल्याँइ घस्दै एकताका कुरा गर्नु, तर एकतालाई अघिबढाउन कहिल्यै सिन्कोसम्म नभाँच्नु ।

नीतिबाट उपायहरू पैदा हुन्छन् । नीति प्रतिरोध नगर्ने खालको छ भने सबै उपायहरूले प्रतिरोध नगर्ने कुरा नै झल्काउने छन्, बितेका ६ वर्षमा हामीले यस्तै शिक्षा पाएका छौं । नीति दृढतासाथ प्रतिरोध गर्ने खालको छ भने उपयुक्त उपायहरू अर्थात् आठ-सूत्रीय कार्यक्रम लागू गर्नु अनिवार्य छ ।

अन्तिम थोपा रगत छउन्जेल हाम्रो मातृभूमिको रक्षा गरौं

देशबन्धुहरू ! पकिंग र थ्येनचिन खतरामा परेका छन् । उत्तरी चीन खतरामा परेको छ । चिनियाँ राष्ट्र खतरामा परेको छ । सिङ्गो राष्ट्रले प्रतिरोध युद्ध चलाउने नै अब मात्रै एउटै मात्र उपाय छ । लगत्तै र दृढतासाथ आक्रमणकारी जापानी सेनाहरूको प्रतिरोध गर्न र सबै संकटपूर्ण स्थितिको सामाना गर्नको निम्ति लगत्तै तयारी गर्न हामी माग गर्दछौं । जापानी आक्रमणकारीहरूका सामु घुँडा टेकेर शान्तिपूर्वक बस्न सकिएला भन्ने विचार माथिदेखि तलसम्म सिङ्गै राष्ट्रले तत्कालै त्याग्नैपर्छ । देशबन्धुहरू ! फङ्ग च-आनका पल्टनहरूले गरेको वीरतापूर्ण प्रतिरोधको हामीले सराहना र समर्थन गर्नैपर्छ । उत्तरी चीनका स्थानीय अधिकारीहरूले मृत्युको घडीसम्म मातृमूमिको रक्षा गर्ने छौं भनी गरेको घोषणाको हामीले प्रंशसा र समर्थन गर्नैपर्छ । समुच्चा २९ सौ सेनालाई लगत्तै सञ्चालन गरियोस् र मोर्चामा कारवाही गर्न खटाइयोस् भनी जर्नेल सुंग् चे-युआनसित हामी माग गर्दछौं । नानकिङ् स्थित केन्द्रीय सरकारसित तल लेखिएका कुराहरूको माग गर्दछौं : २९ औं सेनालाई प्रभावकारी ढंगले सहयोग गरियोस् । जनसमूहका देशभक्तिपूर्ण आन्दोलनहरूमा लगाइएको प्रतिबन्ध लगत्तै हटाइयोस् र जनताको सशस्त्र प्रतिरोध गर्ने उत्साहलाई राम्ररी फस्टाउन दिइयोस् । देशका सारा स्थलसेना, जलसेना र वायुसेनालाई कारवाहीको निमित्त लगत्तै सञ्चालन गरियोस् । चीनमा लुकेर बसेका सबै देशद्रौहीहरू र जापानी दलालहरूलाई लगत्तै निमिट्यान्न पारियोस् र यसरी हाम्रो पछिल्लो भागलाई सुदृढ पारियास् । सिङ्गै देशको जनतालाई आफ्नो जम्मै तागत जापानविरोधी आत्मरक्षाको पवित्र युद्धमा लगाउन हामी आह्वान गर्दछौं । हाम्रा नाराहरू यस प्रकार छन् : पेफिङ थ्येनचिन र उत्तरी चीनको सशस्त्र रूपले रक्षा गरौं । अन्तिम थोपा रगत छउञ्जेल हाम्रो मातृभूमिको रक्षा गरौं । सिङ्गै देशका जनता, सरकार र सशस्त्र सेना एकगढ होऊन् । तिनले जापानी आक्रमणविरोधी प्रतिरोधको ठोस विशाल पर्खालको रूपमा राष्ट्रिय संयुक्त मोर्चाको निर्माण गरुन् । कोमिनताङ र कम्युनिष्ट पार्टीले घनिष्ठ रूपले सरसहयोग गर्दै जापानी आक्रमणकारीहरूलाई चीनबाट लखेटौं । यो नीतिसम्बन्धी एउटा घोषणा हो ।

१७ जुलाईको दिन श्री च्याङकाइसेकले लुसानमा एउटा वक्तव्य दिए । प्रतिरोध युद्धको तयारी गर्ने नीति यसमा अघि सारिएको हुनाले यो वक्तव्य धेरै वर्षयता विदेशी मामिला सम्बन्धमा कोमिनताङको पहिलो सही घोषणा हो र त्यसैले गर्दा हाम्रा सबै देशवासीहरू र आफैबाट पनि यसको स्वागत गरिएको छ । यस वक्तव्यले लुकओचियाओको घटनाको समाधान सम्बन्धमा चारवटा शर्तहरूको सूची अघि सारेको छ :

(१) चीनको प्रभुसत्ता र क्षेत्रीय अखण्डतालाई उल्लंघन गर्ने खालको कुनै पनि समाधान हुनुहुँदैन । (२) होपे र चाहारको प्रशासनिक ढाँचामा कुनै पनि गैरकानुनी परिवर्तन गर्नुहुँदैन । (३) केन्द्रीय सरकारले नियुक्त गरेका स्थानीय अधिकारीहरूलाई अरु मानिसहरूको मागको आधारमा बर्खास्त गर्नु वा तिनको ठाउँमा अरु मानिसहरू नियुक्त गर्नुहुँदैन । (४) २९औं सेनालाई हाल तैनाथ गरिएको इलाकामा मात्र यसलाई सीमित राख्नु हुँदैन ।

लुकओचियाओको घटना सम्बन्धमा सरकारले एउटा नीति र अडान निधारित गरेको छ, जसलाई यसले सधैं दृढतासाथ अनुशरण गर्नेछ । हामी के कुरा महसुस गर्छौ भने सिङ्गै राष्ट्र युद्धमा लागेपछि कष्टपूर्ण बलिदानको खाँचो पर्ने छ र सजिलो जुक्ति फेला पर्ला भनेर हामीले एकरत्ती पनि आशा नगरे हुन्छ । एकपटक युद्ध छेडिनासाथै हरेक व्यक्तिले चाहे ऊ जवान होस् वा बूढो उत्तरमा होस् वा दक्षिणमा, जापानको प्रतिरोध गर्ने र हाम्रो मातृभूमिको रक्षा गर्ने जिम्मेवारी बहन गर्नैपर्छ । यो पनि नीति सम्बन्धकै एउटा घोषणा हो ।

यहाँनेर लुकओचियाओको घटना सम्बन्धमा हाम्रो सामुन्ने दुईवटा ऐतिहासिक राजनीतिक घोष्णाहरू छन्, एउटा कम्युनिष्ट पार्टीले गरेको घोषणा र अर्को कोमिनताङ्ले गरेको घोषणा । तिनमा यो एउटा समान बुँदा रहेको छ : यी दुवै दरिलो प्रतिरोध युद्धको पक्षमा र सम्झौता र सहुलियतको विपक्षमा छन् ।

यो जापानी आक्रमणको मुकाबिला गर्ने एक किसिमको नीति हो, यो नै सही नीति हो । तर अर्को किसिमको नीति अपनाउने सम्भावना पनि छ । हालैका महिनाहरूमा पैपिङ र थ्येनाचिनमा देशद्रोहीहरू र जापानपन्थी तत्वहरू सक्रिय रहेकाछन् । उनीहरू स्थानीय अधिकारीहरूलाई जापानका मागहरू स्वीकार गर्न लगाउन कोसिस गर्दैछन्, उनीहरू दृढ सशस्त्र प्रतिरोधको नीतिका जरा काट्दै छन् र सम्झौता तथा सहुलियतको वकालत गर्दैछन् । यो ज्यादै खतरनाक संकेत हुन् ।

सम्झौता र सहुलियतको नीति दरिलो सशस्त्र प्रतिरोधको नीतिको ठीक उल्टो कुरा हो । यस नीतिलाई छिट्टै उल्ट्याइएन भने पैपिङ थ्येनचिन र सिङ्गै उत्तर चीन शत्रुका हातमा पर्नेछन् । अनि सिङ्गो राष्ट्र गम्भीर खतरामा पर्नेछ । अतः प्रत्येक व्यक्तिले यसबारे सतर्क रहनैपर्छ । २९औं सेनाका देशभक्त अफिसरहरू र सिपाहीहरू एकगढ होऊ । सम्झौता र सहुलियतको विरोध गर र दृढतासाथ सशस्त्र प्रतिरोध गर । पैपिङ थ्येनचिन र उत्तरी चीनका देशभक्त बन्धहरू एकगढ होऊ । सम्झौता र सहुलियतको विरोध गर र सशस्त्र प्रतिरोधलाई दृढतासाथ समर्थन गर । श्री च्याङकाइसेक तथा कोमिनताङ्क सबै देशभक्त सदस्यहरू ! हामी के आशा गर्छौ भने तपाईहरूले दृढतासाथ आफ्नो नीतिको अनुशरण गर्नु हुनेछ, आफ्नो बाचाहरू पूरा गर्नुहुनेछ, सम्झौता र सहुलियतको विरोध गर्नु हुनेछ, दृढ रूपले सशस्त्र प्रतिरोध गर्नुहुनेछ र यसरी शत्रुका उपाध्याइँहरूको जवाफ काम कारबाहीले नै दिनुहुनेछ । लालसेनालगायत देशका सबै सशस्त्र सेनाहरूले श्री च्याङकाइसेकको घोषणालाई समर्थन गरुन्, समौता र सहुलियतको विरोध गरुन् र दृढतासाथ सशस्त्र प्रतिरोध गरुन् ।

हामी कम्युनिष्टहरू दिलोज्यानले इमान्दारीसाथ हाम्रो आफ्नै घोषणापत्र लागू गरिरहेका छौं र त्यसको साथसाथै हामी दृढतासाथ श्री च्याङकाइसेकको घोषणाको समर्थ गर्दछौं, कोमिनताङका सदस्यहरू र हाम्रा सबै देशबन्धुहरू सँगसँगै मलेर हामी अन्तिम थोपा रगत छउञ्जेलसम्म मातृभूमिको रक्षा गर्न तयार छौं, हामी सबै किसिमको आनाकानी, ढुलमुलेपना, सम्झौता वा सहुलियतको विरोध गर्दछौं र हामी दृढतापूर्वक सशस्त्र प्रतिरोध गरिरहने छौं ।

## सामाजिक सञ्जाल



*स्थानीय निर्वाचनमा भागलिने भन्दा वैद्य लाई नानाथरी आरोप लगाउनेहरू तिम्रो दोषी चस्मा खोलेर हेर- ३ संसदीय-व्यवस्थामा-चुनाव-कार्यनीतिक-प्रश्न-मात्र-हो-रणनीतिक-सवाल- हुँदैहोइन । क्रान्तिको रेखा बक्र रेखामा हुन्छ भन्ने कुरा किन स्वीकार्न सक्दैनन् स्वाघोषित क्रान्तिकारीहरू ? राजनीति विचारधारा गलत छ भने बहिष्कार गर्दा मात्रै सच्चा कम्युनिस्ट भइदैन् हेक्का होला ?- **विश्वप्रकाश चौलागाईं***



*१० वर्ष गृहयुद्धको प्रक्रिया पार गरेको सर्वहारा बर्गको पार्टी को चुनाबी नारा "लोडसेडिङ्ग "मुक्त नेपाल ? मानौ अब बर्गको,राष्ट्रको मुक्ती भैसकेको छ अब उज्यालो र अँध्यारो बिचको अंतर्विरोध मुख्य एजेण्डा बनेर आएको छ । आफ्नो पार्टीका अनुहार देखाउन लाएक एक जना पात्र खडा गर्न नसक्नु एउटा सधारण प्रशासक लाई मसिहा बनाउन पर्ने दयनीय स्थिती देख्दा कस्ता हुतिहारा हरूलाइ दसौ बर्ष सलाम गरिएछ जस्तो लाग्छ क्या ! - **ईश्वर तिमिल्सिना***



क्रान्तिकारी व्यक्ति र समुहसंग धुर्विकरण र एकिकरणकोढोका सधैखुला रहेतापनि " मालेमावाद देखि कैयौकोष टाढा भागेको माकेसंग यहिअवस्थामा पार्टीएकताको कल्पना सम्मपनि गर्नसकिदैन तथा थवाङ्ग महाधिवेशनदेखि घोषितरूपमा देखिएको सैद्दान्तिक विचलनको यात्रामा गुणात्मक परिवर्तन नआए सम्म बिप्लवसमुह संगपनी पार्टीएकताको सम्भावना छैन " क्रान्तिकारी माओवादीको पार्टीएकता सम्बन्धि तात्कालिकनीति हो यो ! अवसरवादी प्रकारको पार्टीएकतामा क्रान्तिकारी माओवादी हल्का उदारबन्ने बित्तिकै चुट्की भरमा पार्टीएकता हुन्छन याहा ! तर पार्टीएकताको नाममा थरि थरिका संशोधनबाद क्रान्तिकारी माओवादीलाई किमार्थ स्वीकार्यछैन ! यो अवस्थामा क्रान्तिकारी माओवादीको ' ब्रान्डेड कमिटि ' संग पार्टीएकता असम्भव पश्चात क्रान्तिकारी माओवादीको ' फेक कमिटि ' बनायर नै भयपनी पार्टीएकताको ब्यापारगर्ने कार्य धमाधम हुदैछ हिजोआज ! तसर्थ ति व्यापारीहरूदेखि क्रान्तिकारीहरू होशियार !- ***खगेन्द्र छन्त्याल***



विगतको निरंकुशताका विरुद्ध लडेका बुद्धिजीवि, मानवअधिकारकर्मी, नागरिक समाजका अगुवा भन्नेहरूको रगतमा पनि निरंकुशताको भूत सवार छ कि कसो ? १०० भन्दा बढी दललाई दलीय चुनाव चिन्हमा निर्वाचनमा जान प्रतिबन्ध लगाउँदा पनि चुँ सम्म बोल्दैनन् त ? सायद उनीहरूको पनि दलीयकरण भइसकेछ । - ***ईन्द्र रावत***



यो राज्य व्यबस्थाले हाम्रो समस्याको हल त विलकुल गर्दैन नकि क्रान्तिको बाँकी कार्यभार पुरा हुन बाँकी नै छ । अहिले हुन गइरहेको स्थानीय चुनाव हामी जनताको लागी एउटा सुनौलो अवसर हो । यसको सदुपयोग गर्नु नै बुद्धिमानी हुने छ । हामी नेताको पछि लाग्ने होइन नेता जनताको पछि लाग्ने वातावरण सृजना गर्नुपर्छ । हामीलाई मालिक होइन सहयात्रीको आवश्यक छ । हुलको पछि लागेर भूल नगरौ । सत्य बाटो हिंडौ ढिलोचाँडो सफलतामा पुग्छौ । - ***विजय पोखरेल***

**नव वर्ष २०७४ को**
**पावन अवसरमा जितपुर-सिमरा उपमहानगरपालिकाका सम्पूर्ण नगरवासीलगायत देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**


**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म मृत्यु, विवाह, बसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

दिल्लीराज बेलबासे
कार्यालय प्रमुख
**जितपुर-सिमरा उपमहानगरपालिका परिवार**
बारा

**नव वर्ष २०७४ को**
उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षिकशिक्षिका एवं देशवासीहरूमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल- होमनाथ ढुंगाना
**न्यू नमूना इङ्लिस बोर्डिङ हाईस्कूल परिवार**
देवदह-८, भलुकी, रूपन्देही, Email- dungana1113@gmail.com

**नव वर्ष २०७४ को**
उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षिकशिक्षिका एवं देशवासीहरूमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल- यज्ञमूर्ति पाण्डे
**तिनाउ इङ्लिस बोर्डिङ स्कूल परिवार**
बुटवल-११, देवीनगर, रूपन्देही, फोन नं. ०७१-४१००४३



# स्थानीय तह निर्वाचन कानुनको अलोकतान्त्रिक प्रावधान खारेज गर !
# राजनीतिक पार्टीहरूलाई निर्वाचन अगाडि चुनाव चिन्ह प्रदान गर !!

१. सरकारले आगामि २०७४ साल बैशाख ३१ गते स्थानीय तहको निर्वाचन गर्ने भनि घोषणा गरिसकेको छ। उक्त निर्वाचन घोर अलोकतान्त्रिक स्थानीय तह निर्वाचन कानुन -२०७३ अनुसार सम्पन्न हुन गईरहेको छ। सो कानुनले लोकतान्त्रिक व्यवस्था र त्यसका मूल्य-मान्यताहरूको धज्जी उडाउदैं देशमा क्रियाशिल राजनीतिक पार्टीहरूले आ-आफ्ना चुनाव चिन्ह लिएर निर्वाचनमा सहभागि हुन पाउने जस्तो आधारभुत हक-अधिकारलाई समेत बन्देज लगाएको छ।

२. यो निर्वाचन पुरानो स्थानीय निकायको निरन्तरता होईन। नयाँ संविधान निर्माण पश्चात हुन गईरहेको भनीएको पहिलो संघीय संरचना अन्तर्गतको स्थानीय तहको निर्वाचनमा माथी उल्लेखित कानुनको दफा २६ को उपदफा ६ को प्रावधान अनुसार हाल व्यवस्थापिका संसदमा प्रतिनिधित्व गरेका राजनीतिक दलहरूले मात्र एउटै चुनाव चिन्हमा निर्वाचन लड्न पाउने र अन्य सबै दलहरूले स्वतन्त्र उम्मेदवारका हैसियतले निर्वाचनमा भाग लिनुपर्ने जस्तो हास्यास्पद प्रावधान गरिएको छ। त्यतिमात्र होईन देशमा निर्वाचन सम्पन्न गर्नुभन्दा अगाडि निर्वाचन आयोगमा राजनीतिक पार्टी दर्ता गर्ने र चुनाव चिन्ह प्रदान गर्ने जस्ता निर्वाचन सँग सम्बन्धित आधारभुत प्रक्रियामा समेत बन्देज लगाईएको छ।

३. उक्त कानुनले लोकतान्त्रिक व्यवस्था र मूल्य-मान्यताको पर्दाफास मात्र गरेको छैन स्वयं नेपालको संविधान-२०७२ को प्रस्तावना र प्रावधानहरूको समेत सिधै उल्लंघन गरेको छ र तिनको विरुद्धका गएको छ।

४. संविधानको प्रस्तावनामा "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली" उल्लेख गरिएको छ। तर उक्त कानुनले त्यसका विपरित गएर सिमित तोकिएका दलहरूलाई मात्र चुनाव चिन्ह लिएर निर्वाचनमा भाग लिन पाउने व्यवस्था गरेर संविधानको प्रस्तावनामा उल्लेख गरिएको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन व्यवस्थाको प्रतिकुल गरेको छ।

५. संविधानको भाग १ प्रारम्भिक अन्तरगत नेपाल राज्यलाई लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बताएको छ। तर उक्त कानुनले संविधानको उपयुक्त व्यवस्थालाई पनि धुलिसाथ पारेको प्रष्टै छ।

६. यसैगरी संविधानको मौलिक हक र कर्तव्य अन्र्तगत "राजनीतिक दल खोल्ने स्वतन्त्रता" को व्यवस्था गरेको छ। संविधानतः राजनीतिक दल खोल्ने स्वतन्त्रताको प्रत्याभुति भैसकेपछि राजनीतिक दलहरूले देशमा हुने सबै प्रकार र तहका निर्वाचनहरूमा आफ्नो चुनाव चिन्ह लिएर सहभागी हुन पाउने र त्यो अधिकार सुनिश्चित हुनुपर्ने कुरा स्वतः स्पष्ट छ। तर उक्त कानुनले राजनीतिक पार्टी खोल्न पाउने स्वतन्त्रताको अधिकारलाई एउटा हास्यास्पद विषय मात्र तुल्याईदिएको छ। उक्त कानुन संविधानको भाग २९ को राजनीतिक दल सम्बन्धि व्यवस्था अन्र्तगत धारा २६९, धारा २७० र धारा २७१ समेत विरुद्ध रहेको छ।

७. देश संघीयतामा गईसकेको अवस्थामा सामान्यतः संघीय संसद र प्रदेशको निर्वाचन हुदैं प्रदेश कानुन अन्र्तगत स्थानीय तहको निर्वाचन हुनुपर्नेमा त्यसका विपरित उल्टो प्रक्रियामा त गइैरहेको छ। त्यसका वावजुद प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रको मूल्य-मान्यता विपरित गएर घुमाउरो तरिकाले राजनीतिक दलहरू माथि नै प्रतिबन्ध लगाउने काम गरेको छ। अतः यस प्रकारको अलोकतान्त्रिक कानुनको खारेजीका लागि त्यसका विरुद्धमा हुने संघर्षमा सहयोग र समर्थन गर्न सम्पूर्ण लोकतन्त्रका पक्षपाति पार्टी, संगठन र व्यक्तित्वहरूलाई हार्दिक आव्हान गर्दछौं।

संयुक्त राजनीतिक संघर्ष समिति
मिति : २०७३ चैत्र २४

# मानव अंग प्रत्यारोपण केन्द्रमा चरम तापरबाही

## दाजुबहिनीको हालीमुहाली र मनोमानी

भक्तपुर । भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमा चरम नातावाद, मनोमानि, भेदभाव र लापरवाही भएको खबर छ।

केन्द्र सरकारी अस्पताल भए पनि केन्द्रका निर्देशक डा. पुकार श्रेष्ठ र नर्सिङ प्रमुख इन्दिरा प्रधान दाइ बहिनी हुनाले अस्पतालामा लापरवाही भए पनि न्यायोचित आवाजको समेत कुनै सुनुवाइ नहुने गरेको पीडित पक्षको भनाइ छ। त्यस्तै कलेजो प्रत्यारोपण निःशुल्क भनिएपनि १५ लाख तिर्नु परेकोले केन्द्रको देखाउने दाँत र चपाउने दाँत फरक फरक रहेको जन गुनासो छ। प्रमुख पदाधिकारी व्यक्तिहरू नै निदान लगायतका निजी अस्पतालामा काम गर्ने, महँगो परीक्षण निजीमा गराउने गरेको बिरामीहरूको गुनासो छ। त्यस्तै प्रमुख पदाधिकारीहरू नै एम्बुलेन्समै आउजाउ गर्ने गरेको, जग्गा दलालीमा व्यस्त रहेको समेत स्थानीय नागरिकको गुनासो छ।

केही वर्ष पहिले केन्द्रको लापर्वाहीले १५ जना बढीलाई हेपाटाइटिस बी र सी सरेको र यसैकारण एक जनाले आत्महत्या समेत गरेको थियो।

कर्मचारी पदपुर्तिमा पनि केन्द्रमा नातावाद, कृपावाद, प्रमुख राजनीतिक दलसंगको साँठगाँठ, लेनदेन र शुभलाभले गर्दा इमान्दार, सोझासिधा र अनुभवी कर्मचारीहरू सँधै पाखा लाग्ने गरेको गुनासो समेत व्यापक छ।

केन्द्रमा सामान खरिदमा समेत व्यापक हिनामिना गर्ने गरिएको छ। स्थनीयहरू भन्छ, "राज्यको लगानीको सदुपयोग गर्न अस्पतालको कर्मचारी प्रशासनमा व्यापक फेरबदल गर्नु पर्दछ र अहिलेसम्म भएको हिनामिनाको छानविन गरी हिसाबकिताब पारदर्शी गर्नुपर्दछ। र, आत्महत्यासमेत गर्न वाध्य पार्ने अस्पतालले घटनाको जिम्मेवारी पनि लिनु पर्दछ।"

समाचारको विषयमा अस्पतालका निर्देशक श्रेष्ठसँग सम्पर्क गर्न खोज्दा उनी यस विषयमा केही बोल्न चाहेनन्।

# स्नाकोत्तर तहमा सेमेस्टर प्रणाली खारेजीको माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले त्रि.वि. अन्तर्गत स्नाकोत्तर तहमा सेमेस्टर प्रणाली खारेजीको माग गरेको छ। त्रिभूवन विश्वविद्यालयले उपत्यकाका सबै संकायका स्नाकोत्तर तहमा सेमेस्टर प्रणाली लागु गर्न गरिएको आकस्मिक निर्णयप्रति संगठनको गम्भीर ध्यानाकर्षण भएको जनाउदै क्रियाशिल विद्यार्थी संगठनलाई कुनै जानकारी समेत नगराई त्रिवि केन्द्रमा असफलसिद्ध भैसकेको सेमेस्टर प्रणालीलाई उपत्यकाको सबै संकायका स्नाकोत्तर तहमा विना पूर्व तयारी लागु गर्न खोजिएकोले त्यसको तत्काल खारेज गर्न माग गरेको छ। क्रान्तिकारीका अध्यक्ष सेवन्त राज भण्डारीले शुक्रकार जारी गरेको विज्ञप्तीमा उक्त निर्णय तत्काल फिर्ता नलिए संगठनले जस्तोसुकै संघर्ष गर्न बाध्य हुने समेत चेतावानी दिएको छ। सेमेस्टर प्रणालीको संगठनले निम्न लिखित पाँच बुँदामा विरोध गर्नुपरेको कारण खुलाएको छ।

१) त्रिवि केन्द्रीय क्याम्पसमा असफल भैसकेको सेमेस्टर प्रणालीको कुनै समिक्षा नै नगरी उपत्यका भर लागु गर्न खोजिएकोले।

२) केन्द्रीय क्याम्पसकै अनुभवका आधारमा पनि शुल्क अत्याधिक वृद्धि गरिने भएकोले।

३) भौतिक पूर्वाधार तयार नगरीकन हचुवाको भरमा लागु गर्न खोजिएकोले।

४) त्रिविकै तल्लो तह उत्तीर्ण गरेका बहुमत विद्यार्थीलाई सिमित सीट संख्याको बहानामा स्नातकोत्तर तह पढ्नबाट रोक्न खोजिएकोले।

५) राज्यको अनुदानमा चलेको त्रिभुवन विश्वविद्यालयमा गरीब नेपाली जनताका छोराछोरीलाई औपचारिक शिक्षाबाट बञ्चित गराउन खोजिएकोले।


**नव वर्ष २०७४ को**
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं।

ईन्द्रकुमार राई-सचिव

**आठराई गाउँपालिका वडा नं. ४ परिवार**
तेह्रथुम

**नव वर्ष २०७४ को हार्दिक शुभकामना !**

**शैक्षिक सत्र २०७४को लागि भर्ना खुल्यो !**

शिक्षा मन्त्रालयद्धारा २०६८, २०६९ र २०७० सालको एस. एल. सी. नतिजाको आधारमा राष्ट्रकै उत्कृष्ट शैक्षिक संस्थाको रूपमा सूचीकृत प्राविधिक तर्फ सिभिल इन्जिनियरिङको २०७१ सालको एस. एल. सी. परिक्षामा नेपाल प्रथम हुन सफल राष्ट्रकै एक नमुना विद्यालयको रूपमा स्थापित यस विद्यालयले कक्षा ९ मा सिभिल इन्जिनियरिङ र साधारणतर्फ कक्षा नर्सरी देखि कक्षा ९ सम्म अंग्रेजी माध्यममा सीमीत सिटका लागि भर्ना खुल्यो।

**भर्ना फारम वितरण : २०७४ वैशाख ३ गते देखि।**
**प्रवेश परिक्षा साधारण तर्फ : २०७४ वैशाख ८ गते ११ बजे।**
**प्रवेश परिक्षा सिभिल इन्जिनियरिङ तर्फ : २०७४ वैशाख १० गते ११ बजे।**
**कक्षा प्रारम्भ : २०७४ बैशाख १३ गते देखि।**

**हाम्रा विशेषताहरू :**
- सिभिल इन्जिनियरिङमा योग्य प्रशिक्षक तथा शिक्षकहरूद्धारा कक्षा ९ र १० मा अंग्रेजी माध्यममा पठन पाठन हुने।
- कक्षा ४ देखि १० सम्म कम्प्युटर विषय पठन पाठन हुने।
- नर्सरीका विद्यार्थीलाई निःशुल्क दिवा खाजाको ब्यवस्था।
- आधुनिक अष्ट्रेलियन पिङको ब्यवस्था।
- विद्यालयका गतिविधिहरूको ऋऋ अकभचब द्धारा निगरानी।
- चौबिसै घण्टा क्ष्लतभचलभत तथा सुरक्षा गार्डको ब्यवस्था।
- विद्यालयमा शिक्षक एवं विद्यार्थीहरूको लागि सुविधा सम्पन्न चमेना गृहको ब्यवस्था।
- विद्यालय हातामा शुद्ध पिउने पानीको लागि डिप बोरिङको ब्यवस्था।
- मल्टी मिडिया तथा शैक्षिक सामग्रीको माध्यमबाट पठन पाठनको ब्यवस्था
- समयको माग अनुसार विद्यार्थीहरूको क्षमता तथा ब्यक्तित्व विकास तालिम, दुई शैयाको प्राथामिक उपचार कक्षको ब्यवस्था तथा निःशुल्क स्वास्थ्य सिविरको ब्यवस्था।
- कक्षा ५ देखि १० सम्म ४ बजेदेखि ५ बजे सम्म सामाजिक, गणित र विज्ञान विषय तथा कक्षा ६ र ७ लाई इलेक्ट्रिकल विषयको निःशुल्क कोचिङको ब्यवस्था।

विस्तृत जानकारीको लागि
प्रधानध्यापक : प्रेम बहादुर बस्नेत

**नवीन औद्योगिक कदर वहादुर रीता मा. वि.**
देविनगर, बुटवल-११, रूपन्देही, फोनः ०७१-४१०३४५, ९८५७०३१६७८

**नव वर्ष २०७४ को**
उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू एवं यात्रु महानुभावहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

टिकाराम गौतम — अध्यक्ष
हरिप्रसाद कँडेल — महासचिव

**पश्चिमाञ्चल यातायात व्यवसायी समिति परिवार**
प्रधान कार्यालय, बुटवल, रूपन्देही

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

यस गार्गी एकेडेमी बुटवल-११ साविक १३, देवीनगर मा शैक्षिक सत्र २०७४ का लागि मन्टेश्वरी देखि कक्षा-९ सम्म सीमित सिटमा भर्ना खुलेको सहर्ष जानकारी गराउंछौ।

हाम्रा विशेषताहरु :—
१. पूर्वीय दर्शन र पश्चिमी प्रविधि संयोजन गरी अध्यापन गराउँछौं।
२. आफ्नो स्तरीय भवन तथा उपयुक्त कक्षा कोठाहरु।
३. सुविधाजनक यातायातका साथै मन्टेश्वरी का लागि छुट्टै साधनको व्यवस्था।
४. अतिरिक्त क्रियाकलाप, अत्याधुनिक विज्ञान तथा कम्प्युटर प्रयोगशाला।
५. दलित र छात्राहरुलाई मासिक शुल्कमा विशेष सहुलियत।
६. विद्यार्थी स्तर र क्षमतालाई मध्यनजर गर्दै पढाइने।
७. बालमैत्री वातावरणमा अध्यापन गराउन।
८. दक्ष तथा अनुभवी शिक्षक शिक्षिका द्वारा मनोवैज्ञानिक ढङ्गले पढाइने।
९. आवश्यकता अनुसार श्रव्य (अडियो) र दृश्य (भिडियो) को साधमा पढाइने।



फारम वितरण : २०७३/१२/२४ गते
भर्ना कार्यक्रम २०७४/०१/०३ गते देखि
कक्षा प्रारम्भ : २०७४/०१/०३ गते

**गार्गी एकेडेमी**
बुटवल ११, देवीनगर
सम्पर्क : ०७१ ५०८०११/ ५०८०१२

बुटवल, भैरहवा बिचमा पर्ने मंगलापुर देखि पूर्व सेमराबजार आसपास प्लटिङ्ग गरिएको आकर्षक घडेरीहरु बिक्रिमा छ।

दर्ता नं. ११२९५०/०६९/०७०



राम बहादुर छन्त्याल
९८०४४१७१७२



भरत छन्त्याल
९८४७७३१४२२

सम्पर्क
राम एण्ड भरत इन्भेष्टमेन्ट प्रा. लि.
बुटवल-११, रामनगर
९८०४४१७१७२, ९८४७७३१४२२



## स्थानीय...

सुविधा रु ५४,०००/- बाट रु ८०,५००/- मा बढाइएको छ । दैनिक ट्याक्सी भाडा १५० बाट १००० मा बढाइएको छ र दैनिक भत्ता २०० बाट ५०० बढाइएको छ । २०७३ साल असोज १४ गतेको कारोवार दैनिकले ‘ अब कानून मै नो वर्क नो पे’ भन्ने शीर्षकमा समाचार छापेको छ ‘व्यवस्थापिका संसदको विहिवार (१३ असोज) को बैठकले पारित गरेको ‘औद्योगिक व्यवसायीक विधेयक ०७३’ अनुसार अब नो वर्क नो पे को व्यवस्था लागु भएको छ । नयाँ ऐन लागु भए पछि मजदुर तथा कर्मचारीले उद्योगमा कुनै पनि किसिमको बन्द तथा हडताल जस्तो कार्यक्रम गर्न पाउने छैनन् ।’’ ‘अजोज १३ र १४ गते निस्केको समाचारले के प्रस्ट भयो भने व्यवस्थापिका संसदले एकातिर सांसदहरूको तलब, सुविधा र भत्ता वृद्धि गऱ्यो भने अर्कोतिर मजदुरहरूको तलब भत्तामा वृद्धि त गरेनन् नै अत ‘नो वर्क नो पे’ को कानून पास गरेर मजदुरको हक अधिकार खोस्ने काम गरे ।

राष्ट्रपति, मन्त्री र राजनीतिक पार्टीका नेताहरूलाई उपचार खर्च भनेर लाखदेखि करोडसम्म राज्यकोषबाट रकम दिएर विदेशमा उपचार गर्न पठाएको हामीले देखेकै छौं । पत्र पत्रिकामा समाचार आइरहेकै छ । २०७३ साल कार्तिक १८ गतेको कान्तिपुरमा ‘उपचार खर्च तिर्न नसक्दा विरामीद्धारा आत्महत्या’ भन्ने शीर्षकमा समाचार छापिएको छ ‘मेनिन जाइटिस रोगबाट पीडित पूर्व कुशाहारा २५ वर्षिय अनुज विश्वासले अस्पतालको तेस्रो तल्लाबाट हाम फालेर आत्महत्या गरेको प्रहरीले जनाएको छ । उनको उपचारमा १ लाख ४४ हजारको बील उठेको थियो ।’ हेर्नुस् त एकातिर जनता औषधीको बिल तिर्न नसकेर आत्महत्या गरिरहेका छन् भने अर्कोतिर जनताले तिरेको करबाट करोडौं रकम दिएर धन सम्पत्ती प्रशस्त भएका व्यक्तिहरूलाई विदेशमा उपचार गर्न पठाइन्छ । जनताबाट उठाइएको कर र विदेशी मित्र राष्ट्रद्धारा दिएको सहयोग नेपालको कुन वर्गको मानिसका लागि खर्च भएको छ भन्ने कुरा यी नै तथ्यहरूबाट प्रष्ट हुन्छ ।

वर्षौदेखि काठमाडौंको जनताले पानी पुग्ने गरी खान पाइरहेको छैनन् । ट्यांकरमा किनेर खाइरहेका छन् । पानीको महशुल तिरिएन भने जनताको धारो बन्द गरिन्छ । तर २०७३ साल चैत २१ को नयाँ पत्रिका दैनिकमा ‘खाने पानीको बक्यौता डेढ अर्ब’ शीर्षकमा समाचार छापिएको छ । त्यो समाचारमा खाने पानीको बक्यौता एक अर्ब ४३ करोड रहेको बताइएको छ । समाचारका अनुसार राष्ट्रपति, प्रधानमन्त्री, सभामुख कसैले पनि पानीको महशुल तिरेको छैनन् । राष्ट्रपति कार्यालयले १ करोड ४४ लाख, राष्ट्रपति निवासले ८ लाख, प्रधानमन्त्री निवासले २२ लाख, प्रधानमन्त्री कार्यालयले ६१ लाख ३७ हजार, सभामुख निवासले ४ लाख, सर्वोच्च अदालतले ४ लाख र स्वयंम खानेपानी मन्त्रालयले १ लाख ४० हजार पानीको महशुल तिर्न बाँकी छ । विद्युत प्राधिकरणले ५० करोड तिर्न बाँकी छ । सबै मन्त्रालयले पानीको महशुल तिरेको छैनन् । निर्धारित समयमा पानीको महशुल नबुझाए धारो बन्द गर्ने नियम कानुन छ तर नियम लागु हुँदैन । जनस्तरमा भने गरिन्छ ‘धनीलाई चैन गरिबलाई ऐन’ खानेपानीको बक्यौताले त्यही कुरा बताउँछ । ०७३ साल चैत २४ गते को नयाँ पत्रिका दैनिकमा खाने पानी तथा सरसफाई मन्त्री जीवन बहादुर शाहीको एउटा लेख प्रकाशित भएको छ । त्यस लेखमा भनिएको छ “...खाने पानीको महशुल नतिर्नेमा त सबैभन्दा दोषी त सरकारी निकाय नै रहेछन्.... यदि क्याविनेटले नै खाने पानीको महशुल नै तिर्न पर्दैन भन्यो भने त्यही अनुसारको निर्णय गर्दा हुन्छ । मन्त्रालयले सोही अनुसारको काम गर्दछ, अहिले ४० प्रतिशत पानी लिकेज हुन्छ भन्ने आशंका छ ।’’ माथि उल्लेखित मन्त्रीको भनाइले के बुझिन्छ भने पानीको महशुल नउठेको कारणले पानीको पाइप मर्मत गर्न सकिएको छैन, जसबाट ४० प्रतिशत पानी लिकेज भइरहेको छ । एकातिर सरकारमा गएका ठूलाबडा भनाउँदाहरूले सित्तैमा पानी खाइरहेका छन् भने अर्कोतिर जनता पानी नपाएर काकाकुल बनिरहेका छन् । मन्त्रीको लेखमा एउटा गम्भीर कुरा के उठाइएको छ भने क्याविनेटले खाने पानीको बक्यौता महशुलनै तिर्न पर्दैन भन्ने निर्णय गर्न सक्छ । त्यसो भयो भने मन्त्रालयले सोही अनुसारको काम गर्दछ भनेर मन्त्री भन्नु भएको छ । यसको अर्थ क्याविनेटले पानीको महशुल बक्यौता मिनाहा गर्न पनि सक्छ । हरेक वर्ष बजेट छुट्याउँदा सबै कार्यालयले पानीको महशुल पनि जोडेकै हुन्छ । त्यसअनुसार बजेट निकासा हुन्छ । तर पानीको महशुल तिरिन्न त्यसको सिधा अर्थ हो यहाँ ठूलो भ्रष्टाचार भएको छ ।

आज देशको ठूलो युवा शक्ति रोजगारीको सिलसिलामा विदेशमा जान बाध्य छन्, गरिबी बढेको छ । जनताको जीवनस्तर झन दयनीय हुँदै गएको छ । भ्रष्टाचार, कमिशनतन्त्र मौलाउँदै गएको छ । देशको प्राकृतिक स्रोतसाधनहरू साम्राज्यवादी र विस्तारवादीको हातमा गइरहेको छ । अप्पर कर्णाली, अरुण तेस्रो जस्ता राष्ट्रविरोधी सन्धिसम्झौता गरिएको छ । आखिर यस्तो किन भइरहेको छ । यसको पहिलो कारण भनेको यो संसदीय व्यवस्था भनेको नै आम श्रमिक वर्गको व्यवस्था होइन । त्यसैले यसले जनताको हितमा काम गर्न सक्दैन । दोस्रो कारण राज्य सञ्चालनमा पुगेका राजनीतिक शक्तिहरूको जनविरोधी, राष्ट्रविरोधी चरित्रका कारणले हो । २०४६ सालको राजनीतिक परिवर्तन पछि (०५९ को ज्ञानेन्द्रकालबाहेक) नेपाली कांग्रेस र एमाले नै सरकार चलाइरहेको छ । ०६३ सालदेखि त्यसमा माओवादी केन्द्र पनि सामेल भएको छ । त्यसैले देशलाई यस्तो रसातालमा लैजाने मुख्य राजनीतिक शक्ति भनेको नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र नै हुन् । यो प्रतिक्रियावादी संसद्मा दुईतिहाइभन्दा बढी सांसदहरू यिनै तीन पार्टीका छन् । यिनका सांसदहरूले के गर्छन् त्यो पनि हेरौं । २०७३ साल असोज १२ गते बुधबारको सांसदको बैठक गणपुरक संख्या नपुगेर स्थगित भयो । त्यस दिन ४०० भन्दा बढी सांसदहरूले हाजिरी गरेको थिए तर बैठक शुरु गर्दा १२५ जना मात्र उपस्थित थिए । त्यस दिन हाजिर गरेका झण्डै ३० सांसदहरू नगरकोट होटलमा एउटा गैरसरकारी संस्थाको कार्यक्रममा भाग लिन पुगेका थिए । त्यस्तै २०७३ साल पुस २६ गते ‘०७३ साल पुस २५ गते सोमबार संसदमा स्थानीय तहको निर्वाचन सम्बन्धी विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावको छलफलपछि पारित गर्ने क्रममा गणपुरक संख्या नपुगेर बैठक स्थगित भएको हो’ भन्ने हो भन्ने समाचार अनलाइन खबरमा प्रकाशित भएको थियो । त्यस दिन पनि हाजिर गर्ने सांसद ४०४ थिए । प्रस्ताव पारित गर्ने बेलामा ११६ जता मात्र सांसद उपस्थित थिए । २८२ सांसद हाजिर गरेर टाप सकेछन् । यी टापकसेका सांसदहरू प्रायः कांग्रेस, एमाले र माओवादी केन्द्रकै छन् । आज यिनै सांसद र नेताहरू जनताको अगाडी चिप्ला कुरा गरेर भोट मागिरहेका छन् ।

माथि उल्लेखित यी केही उदाहरणहरूले पनि के पुष्टि गर्दछ भने यो विद्यमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था प्रतिक्रियावादी व्यवस्था हो । यो व्यवस्थाले मुठ्ठीभर शोषकवर्गको हितमा मात्र काम गर्दछ । केही वर्षमा जनतालाई शोषण गर्न कुन व्यक्ति पदमा जाने भनेर चुनाव पनि गर्दछन् । यो अहिलेको स्थानीय चुनाव पनि मूलतः प्रतिक्रियावादी व्यवस्थाअन्तर्गतकै भएको हुनाले यो निर्वाचनले पनि आम श्रमिकवर्गको हितमा काम गर्न सक्दैन । पहिलो कुरा यो राज्य व्यवस्था प्रतिक्रियावादी भएकोले जनताको पक्षमा काम हुन सक्दैन, दोस्रो सरकार चलाइरहेका र प्रमुख प्रतिपक्षीमा बसेका नेका, माओवादी केन्द्र, राप्रपा र एमालेले जनविरोधी र राष्ट्रविरोधी काम गरिरहेका कारणले जनताको जनता र राष्ट्रको पक्षमा काम हुन सक्दैन । त्यसकारण यो प्रतिक्रियावादी संसदीय व्यवस्था र त्यसलाई संरक्षण गर्ने र लागू गराउन प्रतिबद्ध रहेका नेका, एमाले, माके र राप्रपाजस्ता पार्टीहरूको भण्डाफोर गर्दै संघीय जनगणतान्त्रिक व्यवस्था ल्याउन क्रान्तिको तयारी गर्नु आजको आवश्यकता हो । स्थानीय निर्वाचनलाई यही उद्देश्य पूरा गर्ने मञ्चको रूपमा प्रयोग गर्न क्रान्तिकारीहरू दृढतापूर्वक लाग्नु पर्दछ ।

## असफलताको...

शनिबार राजधानीको एक कार्यक्रममा मोर्चा र प्रतिपक्ष दुवैलाई मान्य हुने नयाँ प्रस्ताव दर्ता गर्ने तयारीमा आफू रहेको बताएका छन् ।

माओवादी केन्द्रका एक नेताका अनुसार संसदको प्रक्रियामा रहेको संशोधन विधेयक फिर्ता लिएर, सीमाङ्कन बाहेकका विषयलाई मात्र अघि बढाइने तयारी गरिएको छ ।

सरकारले तयार पारेको नयाँ संशोधन विधेयक प्रस्तावमा भाषा, नागरिकता र राष्ट्रियसभा गठनसम्बन्धी प्रस्ताव अहिले संसदमा रहेको संशोधन विधेयकमा जस्तै हुने बताइएको छ । गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखले राष्ट्रिय सभा गठनमा मताधिकार प्रयोग गर्न पाउने गरी यसअघि प्रत्यायोजन गरेको अधिकार नयाँ संशोधनले त्यो अधिकार खास्न लागेको भन्दै एमाले लगायतका दलहरूले नयाँ संशोधन विधेयकको पनि विरोध जनाइसकेको छ ।

यसरी हेर्दा स्थानीय तहको निर्वाचन संसदवादी दलहरू र विदेशी शक्तिकेन्द्रको माखेसाङ्लोमा परेको देखिन्छ । निर्धारित समयमा निर्वाचन नभएको खण्डमा कात्तिक २० का लागि सर्न सक्ने गरी नयाँ प्रस्ताव आउन सक्ने पनि प्रधानमन्त्री निवास बालुवाटारको एक उच्च स्रोतले नाम नबताउने सर्तमा बतायो ।

## आत्मरतिमा...

स्थानीय स्तरमा निर्वाचनमा जानुपर्ने पक्षमा ठूलो पंक्ति रहेको छ ।

विप्लव पार्टी/माकेले जिल्ला समितिमा क्रियाशील नै नभएका र क्रान्तिकारी माओवादीमा हुँदै नभएका व्यक्तिलाई समेत क्रान्तिकारी माओवादीको रूपमा उभ्याएर प्रायोजित रूपमा पार्टी छाडेको र माके/विप्लव पार्टीमा आएको/एकता गरेको भनेर हल्ला फिजाइरहेका छन् ।

यसैगरी संसदीय भासमा डुबिसकेको माकेलाई क्रान्तिकारी माओवादीको चुनाव उपयोगको रणनीतिले ठूलो धक्का पुग्ने भएपछि क्रान्तिकारी माओवादीविरुद्ध भ्रामक प्रचारमा भएभरको शक्ति परिचालन गरेर लागेको स्रोतको भनाई छ । केही समयअघि क्रान्तिकारी माओवादीबाटै पलायन भएर गएको रामबहादुर थापा बादल समूहसँग एकताको नाकट मञ्चन गरेपनि स्थानीय तहको निर्वाचनमा कुनै उपलब्धी हासिल गर्ने अवस्था नदेखिएपछि क्रान्तिकारी माओवादीको जनमत खण्डित गर्नका लागि झुठा प्रचारबाजी र तिकडममा लागेका छन् ।

सोही तिकडमको पछिल्लो शृंखला उनीहरूले क्रान्तिकारी माओवादीको केन्द्रीय समिति विस्तारलाई बनाएका छन् । क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको विस्तारित बैठकले स्पष्ट रूपमा नै सक्रिय, क्रियाशील र क्रान्तिकारी आन्दोलनलाई दृढतापूर्वक अघि बढाउने व्यक्तिलाई बढुवाको पहिलो मापदण्ड कायम गर्ने निर्णय गरेको छ । तर, पार्टीको क्रान्तिकारी स्पिरिटलाई ध्वस्त गर्नका लागि विप्लवको नेकपा र माकेले कथित रूपमा मुद्दा उचाल्दै पार्टीभित्र हुँदै नभएको विवादलाई विवाद र खैलाबैला शीर्षकमा प्रायोजित समाचार बाहिर ल्याएका छन् । जसलाई नेकपा (क्रान्तिकारी माओवादी) ले खण्डन गरिसकेको छ ।

राजधानीकै एक पत्रकारले आफूलाई समेत नेकपा (क्रान्तिकारी माओवादी) बिघटन हुन लागेको समाचार लेखिदिन या आफूहरूले लेखेर दिएमा प्रकाशित गरिदिन आग्रह गरेपनि आफूले त्यसलाई अस्वीकार गरेको नाम उल्लेख नगर्ने शर्तमा वर्गदृष्टिलाई बताए ।

उनले क्रान्तिकारी माओवादीलाई स्थापित राजनीतिक वृत्तबाट पन्छाउनका लागि सक्दो सबै हत्कण्डा अपनाउन पनि तयार रहेकाले सतर्क रहन सुझाव समेत दिएका छन् । विप्लवको नेकपा र माकेभित्रको आन्तरिक संकटलाई ढाकछोप गर्न र अनिर्णयको बन्दी बनेका कारण पार्टीभित्र जाने सम्भावित पहिरो रोक्नका लागि प्रयासरत रहेको यो घटनाबाट पुष्टि हुन्छ ।

माके आफैभित्र रहेका नेता कार्यकर्ताको व्यवस्थापन गर्न नसकेका कारण चुलिदो असन्तुष्टि र विप्लव पार्टीभित्रको गैरराजनीतिक तथा गैर क्रान्तिकारी समूहलाई व्यवस्थापन गर्न नसक्दा विघटनको नजिक पुगिसकेका बेला क्रान्तिकारी माओवादी बारेमा भ्रम फिजाइएको भन्दै यसबाट सचेत बन्न क्रान्तिकारी माओवादीले सिंगो पार्टीपंक्तिलाई आग्रह गरेको छ ।

# नवलपरासीको गाउँ गाउँमा देजमोको संगठन विस्तार

◆ रवि पाण्डे/नवलपरासी

मोहन बैद्य‘किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले चुनावको उपयोग गर्ने भएपछि जिल्लामा संगठन बिस्तारलाई तीव्र बनाएको छ । विहीबार जनआन्दोलन दिवसको अवसरमा कार्यकर्ता भेला गरी मोर्चाले संगठन विस्तारलाई शुरु गरेको हो । मोर्चाले जिल्लालाई दुई प्रदेश बनाएपछि नवलपरासी जिल्ला कमिटीअन्तर्गत रहने गरी परासी र नवलपुरमा छुट्टा छुट्टै दुईवटा कमिटी गठन गरेको छ । चुनावी मोर्चाको परासी क्षेत्रको कार्यालय बर्दघाट र नवलपुर कार्यालय कावासोतीमा रहने मोर्चाका अध्यक्ष बृजदेव पाण्डेले बताउनुभएको छ । त्यस्तै मोर्चाको परासी क्षेत्रीय कमाण्ड समितिको संयोजकमा चुडामणि भण्डारी र सहसंयोजकमा गणेश भट्ट चयन भएका छन् । १८ सदस्सीय कमाण्ड समितिको सदस्यहरूमा बोल्गा नेपाल , बिष्णु गैरे रामचन्द्र गौतम, छविलाल खरेल, राजु प्रसाद खनाल लगायत चयन हुनुभएको छ । त्यस्तै नवलपुर क्षेत्रीय कमाण्ड समितिको संयोजकमा दुर्गा पौडेल सहसंयोजकमा पिताम्बर फाल मगर चयन भएका छन् । त्यस्तै १७ सदस्सीय कमिटीमा कल्पना गौतम, खड्गबहादुर बाह्रघरे श्याम कुमाल, उत्तम थापा रामकुमार श्रेष्ठलगायत रहेका छन् । त्यस्तै देशभक्त मोर्चा नवलपरासीको बर्दघाटमा भएको बैठकले मोर्चाका जिल्ला अध्यक्ष बृजदेब पाण्डेको संयोजकत्वमा निर्वाचन तयारी तथा परिचालन कमिटी गठन गरेको छ । कमिटीको सदस्यहरूमा उत्तम थापा पिताम्बर फाल रविलाल पाण्डे दुर्गा पौडेल लगायत रहेका छन् ।

त्यस्तै मोर्चाले १५ वटै स्थानीय तहको भेला समेत शुरु गरेको छ । त्यसैगरी विहीवार नै भएको देशभक्त मोर्चा बर्दघाट नगर समितिको भेलाले राजुप्रसाद खनालको अध्यक्षतामा ४९ सदस्सीय बर्दघाट नगर समिति चयन गरेको छ । मोर्चाको उपाध्यक्षमा धुब्र कुमारी सापकोटा र पुरन चौधरी सचिवमा पदमराज पौडेल कोषाध्यक्षमा बिष्णु गैरे चयन भएका छन् । त्यस्तै सदस्यहरूमा सबै वडाबाट कम्ती २ जना प्रतिनिधित्व हुने गरी पुष्पराज नेपाली, थमन बोहोरा, राजु विक, राजेन्द्र न्यौपाने, नन्दलाल तिवारी, गोबिन्द बहादुर साठीघरे, खेम गुरुंग, झरिया महतो, लिलावती चौधरी, राजकुमार नेपाली, सन्तोष नेपाली, अर्जुन ढकाल, देबी नेपाली, गिरीराज पाठक, बसन्ती चौधरी, सिता घर्ती , सुजन गैरे,ज्ञानबहादुर केसी, जग्गे पौडेल, प्रेम पोखरेल, टि.बी गुरुंग, सुजन रोका, बिजय गुरुंग, बिष्णु पोखरेल, गोपाल गिरी गौरी पोखरेल सेती थापा लगायत चयन भएका छन् । त्यस्तै देजमो बर्दघाट नगर समितिले नगर सदस्यको संयोजकत्वमा वडा समिति गठन गर्ने तयारी गरेको छ । आदिवासी जनजाति पिछडावर्गलाई समाबेश गर्दै मोर्चाले वडा समिति बनाउने नगर सचिव पदमराज पौडेलले जनाए । त्यस पश्चात टोल समिति बिस्तार गर्ने उनले जानकारी दिए ।

त्यस्तै कावासोती नगरमा पिताम्बर तिवारीको संयोजकत्वमा ३५ सदस्सीय देजमो गठन भएको छ भने गैडाकोट, देबचुली मध्यबिन्दु सुनवल, र रामग्राममा समेत भेला तयारी गरि पुनैगठन गर्ने तयारी गरिएको छ ।

## अध्यक्षमा...

छ ।’ तालमेल सम्वन्धी उठेको प्रश्नको जवाफ दिँदै केन्द्रीय सदस्य दुःखीले भने ‘अहिलेका ठूला दलहरूले संसदीय निरङ्कुशतन्त्र चलाएका छन् । त्यसैले यिनीहरूको निरङ्कुशतन्त्रको भण्डाफोर गर्न हामीले कसैसँग तालमेल गर्दैनौं । देशभक्त तथा जनवादी शक्तिहरूसँग मात्र तालमेल हुन्छ । तर अहिले नै कोसँग गर्ने भन्ने कुरा हामीले टुङ्गो लगाएका छैनौं ।’

भेलालाई देजमो केन्द्रीय सदस्य यमबहादुर शाह र नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी अमर पोखरेलले सम्वोधन गरेका थिए । भेलाले यमबहादुर शाहको अध्यक्षतामा ३५ सदस्यीय जिल्ला समिति सर्वसम्मतले निर्वाचित गरेको छ । मोर्चाको जिल्ला सचिवमा तुलसीपुरका ईश्वरीप्रसाद गैरे रहेका छन् भने सदस्यहरूमा भिमार्जुन सुवेदी (राप्ती, भालुवाङ), नन्दराम रोका (तुलसीपुर, विजौरी), गणेश केसी (राप्ती, भालुवाङ), हेमन्ता घिमिरे (महिला), गंगाराम नेपाली (घाइते अपाङ्ग), हुमकान्त साप्कोटा (तुलसीपुर, पवननगर), भगवता अधिकारी (राप्ती, सिसहनिया), नारायण परियार (दङ्गीशरण, श्रीगाउँ), खुसीराम चौधरी, सुन्दरलाल चौधरी (थारु मोर्चा), चन्द्रबहादुर विक (तुलसीपुर, विजौरी), उदयराज भण्डारी (तुलसीपुर, उरहरी), चन्द्र विक (बबई, पुरन्धारा) रहेका छन् । त्यसैगरी खुविराम पोखरेल, मेलु चौधरी (घोराही, रामपुर), भोजलाल चौधरी, शुष्मा चौधरी (घोराही, ढिकपुर), राधा खत्री, कृष्णा विक (तुलसीपुर, मानपुर), ऋषि घिमिरे (घोराही, नारायणपुर), राधिका नेपाली, रामप्रकाश चौधरी (लमही नपा), जयमान विक (तुलसीपुर, विजौरी), उमेश चौधरी (राप्ती, लालमटिया), कालिप्रसाद चौधरी (राप्ती, सिसहनिया), ढुण्डिराज ओली, कलिराम विक, भिमा विक, भिमबहादुर रोका (तुलसीपुर, विजौरी), संगम डिसी (तुलसीपुर) र विष्णु रिजाल (व्यापार मोर्चा) रहेका छन् ।

जिल्ला भेलाले पाँच सदस्सीय देजमोको सल्लाहकार समिति पनि गठन गरेको छ । सल्लाहकारहरूमा माधव खनाल, कूलराज अधिकारी, रामप्रसाद चौधरी, रामजी चौधरी र सुशीला आचार्य रहेका छन् ।


नव वर्ष २०७४ को

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

ईन्द्रकुमार राई–सचिव

आठराई गाउँपालिका वडा नं. ३ परिवार

तेह्रथुम






नव वर्ष २०७४ को

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

कृष्ण घिमिरे–सचिव

मेन्क्षायेम गाउँपालिका परिवार

तेह्रथुम

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६६८३३३९९

खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |


काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# सरकारको निरीहता, एमालेको दम्भ र निर्वाचनको सार्थकता



◆ सीताराम तामाङ

**१) काम कुरो एकातिर कुम्लो बोकी थिमितिर**

मुख्यतः नेपाली कांग्रेसको समर्थनमा बनेको प्रचण्डले नेतृत्व गरेको यो सरकारले मधेसी जनजाति र पिछडिएको क्षेत्रलाई सम्बोधन गर्न संविधानमा संशोधन गर्ने र दश महिनाभित्र संसद्, प्रदेश र स्थानीय निकायको निर्वाचन गरिसक्ने घोषणा गरेको थियो । तद्नुरूप नै यो सरकारले सात प्रदेशमध्ये ४ र ५ को भूगोलका केही भाग हेरफेरको संशोधन प्रस्ताव संसद्मा दर्ता गराएको थियो । तर, सरकारको उक्त प्रस्तावलाई राष्ट्रियताविरोधी प्रस्ताव भन्ने ओरोपका साथ संसद्मा पारित हुन नदिने प्रमुख प्रतिपक्षी एमालेले उद्घोष गऱ्यो र संसद् चल्नसमेत दिएन । त्यसपछि सरकार एमालेलाई संशोधन प्रस्तावमा मनाउन स्थानीय निर्वाचन गर्न तयार भयो र २०७४ वैशाख ३१ गते निर्वाचनको घोषण समेत गऱ्यो । तर विडम्वना, एमाले स्थानीय निर्वाचनमा जान तयार भयो, संविधान संशोधनको पक्षमा आएन । मधेसी र आदिवासी जनजातिहरूले पनि पहिचानसहितको संघीयताको सीमांकनको टुंगो नलागेसम्म निर्वाचनमा नजाने स्पष्ट गरे । सरकारले चुनावको मिति तोकेकोले निर्वाचन आयोगले निर्वाचनको काम अघि बढाउनु स्वाभाविक छ । तर, हिजो संसद्मा भएर पनि प्रकारान्तरले आज नरहेका कतिपय दलहरूलाई दल दर्ता नगरिदिएको, चुनाव चिन्ह नदिएको र मतदाता नामावलीसमेत अध्यावधि नगरेको कारण चुनावमा भाग लिने चाहने दललाई समेत अप्ठ्यारो परेको छ र उनीहरू आन्दोलनमा उत्रिएका छन् । यस्तो स्थितिमा सरकारले भारतीय प्रभुहरूको मुख सुँघ्न उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिलाई नयाँ दिल्ली पठायो तर जवाफ पायो पुरानै 'सबैलाई मिलाएर चुनाव गर्नु ।' अहिले मधेसवादी दलहरूले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छ र २ नं. प्रदेशमा निर्वाचन आयोगलाई काम गर्न दिएको छैन । नयाँ दल दर्ता गरेर चुनाव चिन्हसहित स्थानीय निकायको निर्वाचनमा जान चाहने दलहरू पनि आन्दोलनमा छन् । मधेसवादी दलहरूले सरकारको समर्थन फिर्ता लिएपछि सो रिक्तस्थान पूर्ति गर्न ल्याइएको पूर्वपञ्चको पार्टीले (राप्रपा)समेत संविधान संशोधनको प्रस्ताव आए सरकार छोड्ने धम्की दिनुका साथै राजसंस्था तथा हिन्दूराज्य पुनर्स्थापनाको लागि संघर्ष अघि बढाउने घोषणासमेत गरिसकेको छ । अर्कोतिर एमालेको ढोंगी राष्ट्रवादको दम्मको कारण सप्तरीमा सशस्त्र बलको गोलीबाट पाँच जना नागरिकको हत्या भएको छ र थुप्रै घाइते भएका छन् । यसैबीच भारतीय सुरक्षा बलले नेपालभित्रै पसेर (कञ्चनपुरमा) गोली हानी नेपाली नागरिकको दिनदहाडै हत्या गरेको छ । यो स्थितिमा चुनावको मिति घोषणा भए पनि सो मितिमा चुनाव गरिने सुनिश्चितता बनेको देखिंदैन ।

**२) चुनावको सार्थकताको प्रश्न**

● सरकार पक्ष र प्रमुख प्रतिपक्ष एमालेले मुलुकमा १९ वर्षदेखि स्थानीय निकायको निर्वाचन नभएकोले यो चुनाव हुनैपर्छ भन्ने दलिल दिने गरेका छन् । हो, स्थानीय निकायको निर्वाचन लामो समयदेखि हुन सकेको थिएन । तर सबैले बुझ्नपर्ने कुरो के हो भने सरकारले घोषणा गरेको २०७४ वैशाख ३१ को चुनाव स्थानीय निकायको होइन, यो त नयाँ संविधानअन्तर्गत (धारा-२३१) स्थानीय सरकारको हो र यो प्रथम पटक गरिन लागेको छ । तसर्थ, यहाँ १९ वर्षको पुरानो कुरा लागू हुँदैन । जहाँसम्म १९ वर्षसम्म स्थानीय निकायको चुनाव गरिएन भन्ने कुरोछ, त्यो त मुख्यतः सरकारमा आलोपालो बस्ने एमाले, ने.का. र मा.के.को गैरजिम्मेदारीको कारणले भएको हो ।

● संघीय पद्धति भएका मुलुकहरूको प्रचलन के देखिन्छ भने संघले (केन्द्र) संसद् र प्रदेशको निर्वाचन गर्ने हो र स्थानीय निर्वाचन प्रदेशको मातहत गरिन्छ । तर, यहाँ सो नगरिएको र नयाँ संविधानको धारा २९५ (३)ले दिएको अधिकार बमोजिम सरकारले बनाएको आयोगले गाउँपालिका र नगरपालिकाका संख्या र सीमांकन गरेको तर विशेष, संरक्षित र स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण नगरेको, पहिचानसहितको संघीयतालाई लत्याइएको, श्रमिकवर्ग र उत्पीडित जनसमुदायको हक, अधिकार सुनिश्चित नभएको अवस्थामा स्थानीय चुनावको सार्थकताको प्रश्न उठ्नु स्वाभाविक छ ।

● संसद्मा नभएका पार्टीहरूले निर्वाचनमा भाग लिनका लागि निर्वाचन आयोगमा पार्टी दर्ता गर्न नपाउने, चुनाव चिन्ह नपाउने र मतदाता नामावलीसमेत सच्याउन नपाउने भन्ने सरकारी नीति तीन दलीय सिन्डिकेटको फासीवादी नीति हो ।

● मधेसवादी संयुक्त मोर्चाले सरकारले बनाएको प्रदेशको अहिलेको सीमांकनलाई नमानेको र नयाँ सीमांकन नभएसम्म चुनाव हुन नदिने भनेर संघर्ष अघि बढाइसकेको स्थिति छ ।

● तीन दलीय सिन्डिकेटले निर्वाचनमा थ्रेसहोल्ड राखेर साना दलहरू र नयाँ प्रवेशी दलहरूलाई निषेध गर्ने जुन नीति लिएको छ, त्यो संसदीय मर्यादा र मान्यताको विरुद्ध छ ।

● उक्त कारणहरूले गर्दा यो सरकारले गर्न लागेको स्थानीय चुनावको सार्थकता देखिदैन र सरकारका उक्त गलत नीतिका विरुद्ध ६५ दलहरूको समेत संयुक्त संघर्ष सुरु भइसकेको छ ।

**३) स्थानीय तहको चुनावको क्रान्तिकारी उपयोग किन ?**

ने.क.पा.(क्रान्तिकारी माओवादी) ले संविधानसभा-२ को निर्वाचनको बहिस्कार गरेको थियो, तर अहिले गरिन लागेको स्थानीय तहको निर्वाचनको उपयोग गर्ने निर्णय गरेको छ । यसबाट दुई ठाउँमा असर पुगेको छ । प्रथमः प्रतिक्रियावादी व्यवस्थाभित्र गरिन लागेको निर्वाचनमा भाग लिंदा त्यो व्यवस्थालाई बल पुग्ने हुँदा त्यस प्रकारको निर्वाचनको बहिस्कार गरिनु पर्दछ, नगरिनु क्रान्तिलाई धोखा दिनु हो भन्ने बुझाइ भएकाहरूलाई हाम्रो पार्टीको यो निर्णयले असर पुऱ्याएको छ । हाम्रो पार्टीले अहिले बहिस्कारको नीति लिएको भए उनीहरूलाई बल पुग्ने थियो भन्ने बुझाइबाट पनि यस्तो कुरो आएको छ । त्यस बुझाइले मार खाएको छ । द्वितीयः धेरै वर्षदेखि स्थानीय तहको निर्वाचन नभएको अवस्थामा सरकारद्वारा घोषित आगामी चुनावमा धेरैजसो जनताले भाग लिने भएकोले हाम्रो पार्टीले यो चुनाव बहिष्कार गरिदिएमा आफ्नो पार्टीलाई फाइदा पुग्ने बुझाइ भएकाहरूलाई पनि असर पुगेको छ । हाम्रो पार्टीले बहिष्कार गर्दा हामीलाई आउने जनमत उनीहरूलाई जाने अपेक्षा थियो, त्यसमा तुषारापात भएकोछ ।

● तर प्रश्न छ ने.क.पा.(क्रान्तिकारी माओवादी)ले चुनावको क्रान्तिकारी उपयोग गर्ने किन भनेको ? किनभने प्रथमतः हाम्रो पार्टी संसदीय व्यवस्थामा हुने निर्वाचनमा भाग लिने/नलिने कुरालाई रणनीतिक होइन कार्यनीतिक विषय ठान्दछ । क्रान्तिकारी दिशामा अघि बढ्नलाई जे गर्दा हित हुन्छ पार्टीले ठोस समयको ठोस विश्लेषणको आधारमा उचित निर्णय लिनु पर्दछ । अहिले प्रतिक्रियावादी व्यवस्थाभित्र चुनाव लड्नु भनेको संसद्वादी पार्टीहरूले जस्तो त्यो व्यवस्थालाई बलियो बनाउनु नभएर त्यसको भण्डाफोर गर्नु हो, संसदीय बुर्जुवा व्यवस्थालाई संरक्षण र बलियो बनाउन चाहने पश्चगामी, यथास्थितिवादी र दक्षिणपन्थी संशोधनवादी पार्टीलाई जनतासामु उदंग्याउनु हो ।

द्वितीयः अहिले मुलुकमा क्रान्तिको उभारको अवस्था नभएको बरु क्रान्तिकारी शक्तिहरू विश्वमा नै र नेपालमा पनि कमजोर भएको अवस्थामा स्थानीय निर्वाचनमा जाँदा जनाधार तयार गर्न मद्दत पुग्ने र निर्वाचनप्रति आकृष्ट जनताका बीच पश्चगामी सत्ता र व्यवस्थाको भन्डाफोर गर्न सकिने भएकोले भाग लिन आवश्यक भएको हो ।

● चुनावको उपयोगको क्रममा हामीले यो प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्थाको मात्रै भण्डाफोर नगरेर राप्रपा, मा.के., एमाले र ने.का. पार्टीहरूको प्रतिक्रान्तिकारी तथा राष्ट्रघाती चरित्रको विरोध र भण्डाफोर गर्नेछौं ।

● हाम्रो पार्टीले संयुक्त देशभक्त जनगणतांत्रिक मोर्चालाई स्थानीय चुनावमा सक्रिय समर्थन गर्नेछ ।

● हाम्रो पार्टीको उक्त नीति र कार्यक्रमबाट प्रतिक्रियावादी व्यवस्थाको सधैं बहिष्कार गर्नुपर्छ भन्ने र हाम्रो पार्टीले बहिष्कार गरिदिए आफ्नो झोली भरिने आशावादीहरूको आशामाथि तुषारापात भएको छ र त्यो ठीक छ ।

# क्रान्तिकारी माओवादी लिम्बुवानको बैठक सम्पन्न

धरान । चैत्र २६ गते शनिबार लिम्बुवानको सुन्दर नगरी धरानमा नेकपा (क्रान्तिकारी माओवादी) लिम्बुवान राज्य समिति बैठक सम्पन्न भएको छ । राज्य समितिका उपलब्ध सदस्यहरूको उपस्थितिमा सम्पन्न बैठक इन्चार्ज सीताराम तामाङको अध्यक्षतामा सम्पन्न भयो । बैठकले प्रत्येक जिल्लामा देजमो गठन, प्रत्येक निकायमा उमेद्वार तयार पार्ने, भण्डाफोर अभियान चलाउन प्रचारप्रसार समिति, आर्थिक समिति, स्वयम्सेवक समिति बनाउने निर्णय गरेको छ ।


## नव वर्ष २०७४ को

उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू एवं यात्रु महानुभावहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**हिमाली यातायात व्यवसायी संघ परिवार**

त्रियुगा नगरपालिका-११, गाईघाट, फोन नं. ०३५-४२०२४०

## नव वर्ष २०७४ को

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

पदमप्रसाद घिमिरे-सचिव

**आठराई गाउँपालिका (चुहानडाँडा) परिवार**

तेह्रथुम

## नव वर्ष २०७४ को

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

सुरेन्द्र खड्का-सचिव

**छथर गाउँपालिका (हमर्जुङ) परिवार, तेह्रथुम**

## नव वर्ष २०७४ को

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

हरिप्रसाद कोइराला-सचिव

**छथर गाउँपालिका वडा नं. ६ परिवार, तेह्रथुम**

## नव वर्ष २०७४ को

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

दुर्गाप्रसाद भण्डारी-सचिव

**फेदाप गाउँपालिका परिवार**

तेह्रथुम








**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।